मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक ५७ ● २०८२ साल पौष २७ गते आइतबार ● Sunday 11, January 2026 ● सूर्योदय: बिहान ०६:५६ बजे ● सूर्यास्त: साँझ ५:२९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## प्रशासनको नोटिसले रक्सौलबासीमा त्रास

**मधेशदृष्टि**
**रक्सौल ।**
भारत–नेपाल सीमा नजिकको अन्तर्राष्ट्रिय शहर रक्सौलमा जिल्ला प्रशासनले सयौँ स्थानीय बासिन्दालाई एकैसाथ नोट्सि पठाएपछि त्रासको वातावरण सिर्जना भएको छ । प्रशासनले दशकौँदेखि बसोबास गर्दै आएका नागरिकको जग्गा 'खास महल'को भएको दाबी गर्दै अतिक्रमणकारी घोषणा गरेको हो ।

नोटिसमा जग्गाको मूल्य प्रतिडिसमिल २६ लाख भारतीय रुपैयाँ तोकिएको छ भने कुल मूल्यको ५ प्रतिशत रकम बुझाई ३० वर्षका लागि लिज सम्झौता गर्न निर्देशन दिइएको छ । समयमै लिज प्रक्रिया पूरा नगरे कानुनी कारबाही गरिने चेतावनी पनि दिइएको छ ।

स्थानीयवासीले पुस्तौँदेखि बसोबास गर्दै आएको जग्गामा अतिक्रमणकारी घोषणा गर्नु अन्यायपूर्ण भएको प्रतिक्रिया दिएका छन् । प्रशासनको निर्णय फिर्ता लिन माग गर्दै उनीहरूले आवश्यक परे आन्दोलनमा जाने चेतावनी दिएका छन् । यस विषयमा जिल्ला प्रशासनको थप प्रतिक्रिया आउन बाँकी छ ।

# पोखरिया अस्पताल विकासमा तत्पर छौँः मुख्यमन्त्री

**मधेशदृष्टि**
**पोखरिया ।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले पोखरियास्थित प्रादेशिक अस्पतालको विकासका लागि आफू पूर्णरुपमा तत्पर रहेको बताएका छन् । पर्सा जिल्लाको दोस्रो सदरमुकामका रूपमा रहेको पोखरियास्थित प्रादेशिक अस्पतालको उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले प्रदेशिक अस्पताल पोखरियाको समग्र विकासका लागि आफू पूर्णरूपमा तत्पर रहेको बताए । उनले मधेश प्रदेशका मन्त्रालयहरू अन्तर्गतका मेडिकल सुपरिटेन्डेन्ट, चिकित्सक तथा कर्मचारीहरूलाई प्रदेशिक अस्पतालहरूमा सरुवा गरिसकिएको जानकारी दिँदै सरुवा भएका स्वास्थ्यकर्मी तोकिएको स्थानमा नगए कडा कारबाही गर्न मन्त्रालयका सचिवलाई निर्देशन दिइसकेको बताए ।



मुख्यमन्त्री यादवले वीरगंज आसपासका जनताले स्वास्थ्य सेवा सहज रूपमा पाएपनि पश्चिम क्षेत्रका नागरिकलाई वीरगंज आवतजावत र महँगो स्वास्थ्य सेवा लिन समस्या हुने गरेको भन्दै यही कारण पर्साको दोस्रो सदरमुकामका रूपमा रहेको पोखरियास्थित प्रदेशिक अस्पताललाई दक्ष, सक्षम र प्रभावकारी बनाउनु आवश्यक रहेको बताए । अस्पतालको भौतिक पूर्वाधार, दक्ष चिकित्सक, आवश्यक उपकरण तथा गुणस्तरीय स्वास्थ्य सेवाको व्यवस्थापन गरी यस क्षेत्रका नागरिकलाई सहज रूपमा सेवा पु¥याइने प्रतिबद्धता व्यक्त गरे ।

मुख्यमन्त्री यादवले प्रदेश मन्त्रिपरिषद् बैठकबाट मधेश प्रदेशमा चारवटा प्रदेशिक अस्पताल स्थापना गर्ने निर्णय भइसकेको र तीमध्ये पोखरिया अस्पताल पनि समावेश रहेकोले यसको विकासका लागि पूर्ण सहयोग गरिने प्रतिबद्धता जनाए । साथै, पोखरिया क्षेत्रको समग्र विकासका सन्दर्भमा टाउन हल र रंगशालाका लागि विनियोजित बजेटलाई निरन्तरता दिँदै बहुवर्षीय योजनाअन्तर्गत पूरा गरिने घोषणा गरे ।

कार्यक्रममा बोल्दै मधेश प्रदेशका स्वास्थ्य मन्त्री जंगीलाल यादवले अब पोखरिया अस्पताल प्रदेशिक अस्पतालको रूपमा स्थापित भएकाले यसलाई आधुनिक प्रविधियुक्त मोडल अस्पताल बनाइने बताए । बाहिरका अस्पताल सरह सस्तो, सहज र गुणस्तरीय स्वास्थ्य सेवा पोखरियामै उपलब्ध गराउने लक्ष्यसहित अस्पताललाई नमुना अस्पतालको रूपमा विकास गर्न सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा प्रसाद यादव र मधेश प्रदेशका स्वास्थ्य मन्त्री जंगीलाल यादवले संयुक्त रूपमा सिलालेख अनावरण गर्दै अस्पतालको उद्घाटन गरेका थिए ।

अस्पताल विकास समितिका अध्यक्ष उमेश चौहानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्व मन्त्री सुरेन्द्र प्रसाद चौधरी, मधेश प्रदेशका कृषि मन्त्री श्याम प्रसाद पटेल, वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरी, पूर्व कृषि मन्त्री तथा प्रदेश सांसद जनाद्र्धन क्षेत्री, पूर्व खेलकुद मन्त्री प्रमोद जयसवाल, मधेश प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव प्रमोद यादव, स्वास्थ्य कार्यालय पर्साका प्रमुख विनोद झा, पोखरिया नगरप्रमुख प्रद्युम्न चौहान, पूर्व नगरप्रमुख दीप नारायण रौनियार, पूर्व उपप्रमुख सलमा खातुन, प्रदेशिक अस्पताल पोखरियाका मेडिकल सुपरिटेन्डेन्ट आनन्द रौनियार लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागी वक्ताहरूले पोखरिया अस्पताल तथा यस क्षेत्रका विकास निर्माणसँग सम्बन्धित समस्या र सम्भावनाबारे धारणा राख्दै अस्पतालको दिगो प्रगतिका लागि शुभकामना व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन स्वास्थ्य सह–संयोजक शिव पटेलले गरेका थिए ।

# तोडियो रास्वपा र उनेपाको सम्बन्ध
## कुलमान बने पार्टी अध्यक्ष



**मधेशदृष्टि**
**काठमाडौँ ।**
उज्यालो नेपाल पार्टी (उनेपा) को केन्द्रीय समिति बैठकले पार्टीको अध्यक्षमा कुलमान घिसिङलाई चयन गर्ने निर्णय गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँगको एकता तोडिएसँगै शनिबार बसेको पार्टीको बैठकले अध्यक्षमा घिसिङलाई चयन गर्ने निर्णय गरेको हो ।

बैठकपछि पत्रकार सम्मेलन गरी अध्यक्ष घिसिङले रास्वपासँग भएको सहमति भङ्ग भएको घोषणा गर्दै अब आफ्नो छुट्टै पार्टीको चुनाव चिह्न लिएर प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुने बताए ।

उनले भने, 'हाम्रो पार्टीलाई पदका लागि मोलमालाई ग¥यौँ भन्ने आरोप लागेको छ, यो गलत छ । यसअघि म वरियता क्रममा तल रहेर उपाध्यक्ष पदमा बसेको थिएँ । समावेशिता, सङ्घीयता लगायतको विषयमा पूरक सम्झौता नभएपछि एकता तोडिएको हो ।'

अध्यक्ष घिसिङले शनिबार नै उज्यालो नेपाल पार्टीको सदस्यता लिएको जानकारी दिए । उनले भने, 'आजै बसेको केन्द्रीय कमिटीको बैठकले अध्यक्षमा चयन गरेको छ । उनेपालाई आगामी दिनमा मेरो नेतृत्वमा देशव्यापी अभियानअन्तर्गत प्रभावकारी रूपमा चुनावी गतिविधिलाई अगाडि बढाउनेछु ।'

- **पार्टी नाम नै फेर्ने प्रस्ताव आएपछि एकता भङ्गः रास्वपा**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पार्टी नाम नै फेर्ने प्रस्ताव आएपछि उज्यालो नेपाल पार्टी (उनेपा) सँगको एकता भङ्ग भएको निष्कर्ष निकालेको छ । उनेपासँगको एकता भङ्ग भएपछि शनिबार बसेको रास्वपा सचिवालय बैठकले कुलमान घिसिङले एकपछि अर्को प्रस्ताव ल्याएका कारण एकताले पूर्णता पाउन नसकेको निष्कर्ष निकालेको नेता शिशिर खनालले बताए ।

घिसिङले पार्टीको नयाँ नाम राख्नुपर्ने, आफूलाई वरिष्ठ उपसभापति बनाउनुपर्ने, निर्वाचन क्षेत्रको सिट बाँड्फाँड गर्नुपर्ने, पार्टीका अन्य पदाधिकारीमा पनि आफ्नो पार्टीका नेतालाई नियुक्त गर्नुपर्नेलगायत प्रस्ताव ल्याएपछि एकता भङ्ग भएकाबारे सभापति रवि लामिछानेले बैठकमा जानकारी गराएको उनले बताए ।

पार्टी एकताका क्रममा भएको सहमतिभन्दा फरक र छुट्टाछुट्टै पूरक प्रस्ताव आउन थालेपछि एकता अगाडि बढ्न नसकेको रास्वपाको दाबी छ । एकतासँगै वरिष्ठ उपसभापति, महामन्त्री, पदाधिकारी, थप सचिवालय सदस्य, केन्द्रीय सदस्य र निर्वाचन क्षेत्रसम्मको बाँडफाँडको प्रस्ताव आएपछि एकतालाई पूर्णता दिन समस्या भएको नेता खनालको भनाइ छ । यसअघि दुई दलबीच भदौ २३ र २४ को जेन्जी आन्दोलन, भ्रष्टाचारविरोधी चेतना, सुशासन र मेरिटोक्रेसीको नारालाई मूल आधार बनाउनेलगायत सातबुँदे सहमति भएको थियो ।

# जग्गा विवाद उग्र भएपछि धनुषामा झडप
## १६ सेल अश्रुग्यास प्रहार

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको मिथिला नगरपालिका–२ अन्तर्गत नक्टाझिज सुखजोरमा ऐलानी जग्गा कब्जाको विषयलाई लिएर उत्पन्न विवाद झडपमा परिणत भएपछि १२ जना घाइते भएका छन् ।

सत्लोक आश्रमले ऐलानी जग्गा हडपेको आरोप लगाउँदै त्यस स्थान खाली गराउन पुगेका स्थानीय र आश्रमका अनुयायीबीच शुरु भएको विवाद चर्कँदै ढुङ्गा हानाहानसम्म पुगेको प्रहरीको भनाइ छ । झडपका क्रममा दुवै पक्षका व्यक्ति घाइते भएका हुन् ।

प्रहरीले स्थिति नियन्त्रणमा लिन १६ सेल अश्रुग्यास प्रहार गरेको थियो । नेपाल प्रहरीले ७ र सशस्त्र प्रहरीले ९ सेल अश्रुग्यास प्रहार गरेको धनुषाका प्रहरी प्रवक्ता एवम् डीएसपी गणेश बमले जानकारी दिए ।

यसपछि स्थानीयले जनकपुर ढल्के सडक पनि अवरुद्ध गरेका थिए । सखुबा महेन्द्रनगरस्थित औरही पुलमा स्थानीयहरूले एक एम्बुलेन्समा तोडफोड समेत गरेका थिए । घटनामा



घाइते भएका सबैलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा भर्ना गरिएको धनुषाका प्रहरी उपरीक्षक रुगम बहादुर कुँवरले जानकारी दिए । उनका अनुसार घाइतेको अवस्था खतरामुक्त छ ।

विवाद उग्र बनेपछि जनकपुर–ढल्केवर सडकखण्डअन्तर्गत महेन्द्रनगर–औरही पुल क्षेत्रमा केही समय सवारी आवागमन अवरुद्ध भएको थियो । प्रहरीको हस्तक्षेपपछि सडकखण्डमा यातायात पुनः सुचारु भएको प्रहरीले जनाएको छ ।

घटनापछि प्रहरी नायब उपरीक्षक गणेश बहादुर बमको नेतृत्वमा खटिएको टोलीले आश्रम क्षेत्रमा पुगेर घटनाको वास्तविक अवस्था तथा जग्गासम्बन्धी विवादबारे जानकारी संकलनसमेत गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ ।

# शहीदको बलिदानकै कारण लोकतान्त्रिक गणतन्त्र स्थापनाः निधि

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता तथा पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिले शहीदहरूको त्याग र बलिदानकै कारण मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भई जनता सार्वभौम बनेको बताएका छन् ।

शहीद सत्यनारायण पाठकको ३८औँ स्मृति दिवसका अवसरमा शनिबार जनकपुरधाम उपमहानगरपालिका–८ मा रहेको उनको शालिकमा श्रद्धाञ्जली अर्पण गर्दै नेता निधिले जहानियाँ पञ्चायती व्यवस्थाविरुद्ध जनताको अधिकारका लागि शहादत दिएका पाठकको योगदान नेपाली लोकतान्त्रिक आन्दोलनको इतिहासमा अमिट रहेको उल्लेख गरे । उनले शहीद पाठकको त्यागकै कारण २०४६ सालको जनआन्दोलन सफल भएको स्मरण गराए ।

नेता निधिले तत्कालीन प्रमुख




जिल्ला अधिकारीद्वारा आफ्नै हातले गोली हानी पाठकको हत्या गरिएको घटनालाई स्मरण गर्दै लोकतन्त्र पुनःस्थापनापछि नेपाली कांग्रेसले उनलाई शहीद घोषणा गरेको बताए ।

उनले शहीदहरू सधैँ जनताको पक्षमा उभिएर बलिदान दिने प्रेरणादायी व्यक्तित्व भएको उल्लेख गर्दै लोकतन्त्रको संरक्षण र सुदृढीकरणका लागि सबै शक्ति एकजुट हुनुपर्नेमा जोड दिए ।

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लोकतन्त्र सुदृढीकरणको महाअभियानको संज्ञा दिँदै नेता निधिले निर्वाचनको तयारीमा सक्रियरूपमा जुट्न पार्टी कार्यकर्ता तथा आम नागरिकलाई आह्वान गरे ।

श्रद्धाञ्जली सभामा नेपाली कांग्रेसका प्रदेशसभा सदस्य तथा प्रमुख सचेतक कुमरकान्त झा, प्रदेशसभा सदस्य रामसरोज यादव, कांग्रेस नेता गणेश तिवारी, पूर्ववडाध्यक्ष रमेश ठाकुरलगायत स्थानीय नेता, कार्यकर्ता तथा सर्वसाधारणको उपस्थिति थियो ।

# दुई दिनमा ९४८ जनाको म्यादी प्रहरीमा आवेदन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि धनुषामा निर्वाचन प्रहरी (म्यादी) भर्ना गर्नकालागि आवेदन लिने कार्य जारी छ । शुक्रबार र शनिबार गरी दुई दिनमा निर्वाचन प्रहरीमा भर्ना हुनकालागि ९ सय ४८ जनाले आवेदन दिएका छन् । आवेदन दिनेमा ७ सय २७ पुरुष र २ सय २१ महिलाले आवेदन दिएका हुन् । पहिलो दिन शुक्रबार १ सय ४७ र शनिबार दोस्रो दिन ७ सय २७ जनाले आवेदन दिएका दिएका हुन् ।

धनुषामा प्रतिनिधिसभा निर्वाचनकालागि ४ हजार ५ सय २७ जना निर्वाचन प्रहरी भर्ना गरिने लक्ष्य राखिएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाले धनुषाको चार निर्वाचन क्षेत्रमा खटाउन योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरे अनुसार निर्वाचन प्रहरी भर्नाकालागि आवेदन लिइँदै छ ।

निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समितिले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालसँग समन्वय गर्दै निर्वाचन प्रहरीका लागि आवेदन प्रक्रिया जारी राखेको हो ।

सूचनाअनुसार निर्वाचन प्रहरी पदमा आवेदन दिन इच्छुक व्यक्तिले १८ वर्ष पूरा भइसकेका र ५४ वर्ष ननाघेका नेपाली नागरिक हुनुपर्नेछ । आवेदन दिने अन्तिम मिति माघ १ तोकिएको छ । निर्वाचन प्रहरीको कार्य अवधि नियुक्ति मितिदेखि ४० दिन रहनेछ वा नेपाल सरकारले तोके अनुसार हुनेछ । सेवा सुविधाअन्तर्गत प्रतिदिन ८ सय ६९ रुपैयाँ ४० पैसाका दरले ४० दिनको पारिश्रमिक ३४ हजार ७ सय ७६ रुपैयाँ प्रदान गरिने छ ।

यससँगै सम्बन्धित जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले पाउने दररेटअनुसार खाद्यान्न खर्च पनि उपलब्ध गराइने सूचनामा उल्लेख छ । सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दाहालद्वारा हस्ताक्षरित सूचनामा निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र सुरक्षित रूपमा सम्पन्न गराउन पर्याप्त संख्यामा निर्वाचन प्रहरी परिचालन गरिने तयारी भइरहेको उल्लेख छ ।

धनुषामा हाल चार लाख १४ हजार ५ सय ७१ मतदाता छन् । चार निर्वाचन क्षेत्रमा ३ सय २२ मतदान स्थल र ६ सय ४५ मतदान केन्द्र निर्माण भइसकेका छन् । प्रशासनका अधिकारीहरूले मतदाता र निर्वाचनमा संलग्न सबै पक्षलाई संयमित र नियमबद्ध रूपमा निर्वाचनमा सहभागी हुन आह्वान गरेका छन् ।

# मुख्यमन्त्रीकै जिल्लाबाट १७ प्रतिनिधि विशेष महाधिवेशनमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेस रौतहट निर्वाचन क्षेत्र नम्बर–१ बाट १७ महाधिवेशन प्रतिनिधि पार्टीको विशेष महाधिवेशनमा सहभागी हुन काठमाडौँ प्रस्थान गरेका छन् । यो नेपाली कांग्रेस मधेश सभापति एवम् मधेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवको गृहजिल्ला हो ।

नेपाली कांग्रेस रौतहट जिल्ला उपसभापति धिरेन्द्रकुमार सिंहका अनुसार जिल्लाबाट ६० प्रतिशत महाधिवेशन प्रतिनिधि विशेष महाधिवेशनमा सहभागी हुने तयारीमा छन् । उनका अनुसार प्रतिनिधि पार्टीको वर्तमान अवस्था र भावी दिशाबारे गम्भीर छलफल गर्ने उद्देश्यसहित काठमाडौँ गएका हुन् ।

कांग्रेस मधेश प्रदेश सभापतिसमेत रहेका मुख्यमन्त्री कृष्णप्रसाद यादवको निर्वाचन क्षेत्रबाट १७ जना महाधिवेशन प्रतिनिधि विशेष महाधिवेशनका लागि काठमाडौँ हिँडेको महाधिवेशन प्रतिनिधि रामकृपा यादवले जानकारी दिए । उनले विशेष महाधिवेशनमा पार्टीको भावी नेतृत्व, नीति निर्धारण तथा संगठन सुदृढीकरणका विषयमा महत्वपूर्ण छलफल हुने बताए ।

यद्यपि मुख्यमन्त्री यादव संस्थापन पक्षीय नेता भए पनि संस्थापन पक्षले विशेष महाधिवेशनलाई औपचारिक मान्यता नदिए पनि रौतहट–१ बाट उल्लेखनीय संख्यामा प्रतिनिधि सहभागी हुन काठमाडौँ जानुले पार्टीभित्रको आन्तरिक संघर्ष चरममा रहेको दर्शाएको छ ।

दोस्रो विशेष महाधिवेशनको तयारी पूरा

नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माको समर्थनमा हुन लागेको दोस्रो विशेष महाधिवेशनको सम्पूर्ण तयारी पूरा भएको छ । दोस्रो विशेष महाधिवेशन पक्षधर समूहले आज शनिबार पत्रकार सम्मेलन गरी आइतबारदेखि शुरु हुने विशेष महाधिवेशनको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएको हो ।

मञ्च व्यवस्थापन समितिका संयोजक गोविन्द पुडासैनीले विशेष महाधिवेशनलाई सभ्य र भव्य रूपमा सम्पन्न गर्न मञ्च व्यवस्थापनको काम सम्पन्न गरिएको जानकारी दिए । भृकुटीमण्डपस्थित खुला चौरमा हुने कार्यक्रमको मञ्चमा ५० कुर्सी र मैदानमा छ हजारभन्दा बढी कुर्सी राख्ने गरी व्यवस्थापन गरिएको संयोजक पुडासैनीले बताए ।

मञ्च वरिपरि कांग्रेसको झण्डा, ब्यानर तथा प्रचारप्रसार सामग्री राखिएका छन् । काठमाडौँ उपत्यकाका विभिन्न स्थानबाट आउने ¥यालीलाई व्यवस्थित गराउने गरी तयारी थालिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो । यस्तै, विशेष महाधिवेशनमा आउने तीन हजार ६ सय प्रतिनिधिका लागि आवासको व्यवस्थापन गरिएको आवास तथा खाना व्यवस्थापन समितिका संयोजक रमेश धमलाले जानकारी दिए । महाधिवेशन प्रतिनिधि बस्नका लागि काठमाडौँको सुन्धारा, बागबजार, ठमेल, एयरपोर्ट, सिनामङ्गल र गौशाला क्षेत्रका विभिन्न होटलमा व्यवस्थापन गरिएको उनले बताए ।

# पूर्व राज्यमन्त्री अन्सारी रास्वपामा जाने तयारीमा



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका पूर्व राज्यमन्त्री तथा प्रदेशसभा सदस्य रहबर अन्सारीले नेकपा (माओवादी केन्द्र) परित्याग गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी, रास्वपामा प्रवेश गर्ने तयारी गरेका छन् । बिहीबार अन्सारीले पार्टी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई राजीनामा पत्र पठाउँदै माओवादी केन्द्रबाट अलग भएको औपचारिक घोषणा गरेका थिए ।

निकट स्रोतका अनुसार पार्टीभित्र साधारण सदस्यतासमेत असुरक्षित बनेको अवस्था र आगामी प्रतिनिधिसभा निर्वाचनमा टिकट नपाउने सुनिश्चित भएपछि उनले रास्वपामा जाने निर्णय लिएको बताइएको छ ।

अन्सारी पर्सा–१ वा बारा–४ निर्वाचन क्षेत्रबाट चुनाव लड्ने तयारीमा रहेको बताइएको छ । जसमा बारा–४ लाई प्राथमिकतामा राखिएको छ ।

तर उनको सम्भावित रास्वपा प्रवेशलाई लिएर वीरगंजका जेन–जी युवाहरूले असन्तुष्टि व्यक्त गरेका छन् ।

जेन–जी युवा विक्की सर्राफले मधेस तथा जेन–जी आन्दोलनमा योगदान नदिएका र आफ्नो क्षेत्रमा प्रभावकारी काम नगरेका अवसरवादी नेताहरूलाई पार्टीमा भित्र्याउनु युवा तथा वैकल्पिक राजनीतिको छवि विपरीत हुने प्रतिक्रिया दिएका छन् ।

# बाराका महाधिवेशन प्रतिनिधि काठमाडौं प्रस्थान

**मधेशदृष्टि**
**कलैया ।**
नेपाली कांग्रेसले आयोजना गर्न लागेको विशेष महाधिवेशनमा सहभागिता जनाउन बारा जिल्लाबाट अधिकांश प्रतिनिधि काठमाडौँ प्रस्थान गरेका छन् । प्रतिनिधिहरू पार्टी संगठन सुदृढीकरण, समसामयिक राजनीतिक विषयमा छलफल र विशेष एजेन्डा अनुसार निर्णय लिन राजधानी पुगेका हुन् ।

जिल्ला सचिव राजेश रौनियारका अनुसार बाराबाट निर्वाचित १०४ मध्ये ६५ भन्दा बढी प्रतिनिधि अहिलेसम्म काठमाडौँ पुगेका छन् भने बाँकी प्रतिनिधिहरू पनि आइतबारसम्म पुग्ने तयारीमा छन् । प्रतिनिधिहरूले महाधिवेशनमा प्रभावकारी भूमिका निर्वाह गर्दै पार्टीको आन्तरिक लोकतन्त्र, सांगठनिक सुधार र भावी रणनीतिका विषयमा योगदान दिने अपेक्षा गरिएको छ ।

# पटेर्वासुगौलीमा रक्तदान कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको पटेर्वा सुगौली गाउँपालिका–१ सोनवर्षास्थित स्वास्थ्य चौकीको प्राङ्गणमा शनिबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा २५ जना सहभागीहरूले रक्तदान गरेका छन् । कार्यक्रम सृजनशिल शिक्षा विकास केन्द्र, पर्साको आयोजनामा भएको थियो ।

रक्तदान गर्नेहरूमा सुलमान मिया दर्जी, प्रविन्द्र प्रसाद महतो, प्रमोद प्रसाद यादव, विनोद कुमार यादव, धिरज चौधरी, राजाबाबु चौधरी, दिलसाद आलम, रमेश साह, ज्वाला गिरी, मुना तिवारी, राधेश्याम मुखिया, र रेयाज खान लगायतका थिए । सृजनशिल शिक्षा विकास केन्द्रका अध्यक्ष चिरञ्जीवी यादवले रगतको अभावका कारण कसैले पनि ज्यान गुमाउनु नपरोस् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रममा वडाध्यक्ष माधव प्रसाद राउत थारु र फरमान मिया अन्सारी, स्वास्थ्य शाखा प्रमुख भुजेन्द्र प्रसाद यादव, योजना शाखा प्रमुख राजकुमार महतो, रक्त सञ्चार केन्द्र वीरगन्जका प्राविधिक मनिष साह, विवेक यादव, शनि यादव र सन्तोष पटेल पनि उपस्थित थिए ।

# फर्जी कागजबाट नागरिकता लिने तीनजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
झुठा विवरण पेस गरि नागरिकता बनाएको अभियोगमा जिल्ला प्रहरी कार्यालय पर्साले तीन जनालाई नियन्त्रणमा लिएको छ । वीरगंज महानगरपालिका वडा नं. १६ बाट २० बर्ष उमेर नपुगेका दुइजना भारतीय पुरुष र एक जना महिलालाई शुक्रवार पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेकाहरू सवै नावालिग रहेकाले नाम थर गोप्य राखिएको छ । प्रहरीको अनुसार नागरिकता लिने क्रममा जन्म दर्ता, विवाह दर्तामा समेत नक्कली पेस गरेको पेला परेको छ । उनीहरूलाई नागरिकताका लागि सिफारिस र सहयोग गर्ने मतियारहरूबारे पनि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**मधेशदृष्टि**
**रक्सौल ।**
नेपाल–भारत सीमावर्ती क्षेत्र, हरदिया–रतनपुर सडक खण्डमा मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकल चालकको घटनास्थलमै मृत्यु भएको छ । मोटरसाइकल अनियन्त्रीत भइ सडक किनाराको रुखमा ठोकिएर दुर्घटना भएको हो । प्रहरीका अनुसार मोटरसाइकल चालकको टाउको रुखमा बजारिँदा तत्कालै ज्यान गएको देखिएको छ । मृतकको पहिचान खुल्न सकेको छैन । घटना स्थलबाट बीआर–०५–ए–६२ ५२ नम्बरको स्प्लेन्डर मोटरसाइकल बरामद भएको छ । मृतकको शव कलेजि रङको ज्याकेट लगाएको अवस्थामा रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनाको सूचना पाएलगत्तै ११२ नम्बरको रक्सौल प्रहरी टोली घटनास्थलमा पुगेको थियो ।

प्रहरीका अनुसार दुर्घटना शुक्रबार साँझ करिब पाँच बजेतिर भएको हो । मृतकको पहिचानका लागि प्रयास जारी रहेको प्रहरीले जनाएको छ ।






# फेटामा निःशुल्क स्वास्थ्य शिविर

**मधेशदृष्टि**
**कलैया ।**
फेटा गाउँपालिकामा शनिबार निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । फेटा गाउँपालिकाका अध्यक्ष रुस्तम अंसारीको पहलमा सञ्चालन गरिएको उक्त स्वास्थ्य शिविरमा एक हजार ४१० जना सेवाग्राहीले स्वास्थ्य सेवा लिएका छन् । स्वास्थ्य शिविरमा विभिन्न रोगको जाँच, परामर्श तथा आवश्यक औषधि निःशुल्क रूपमा वितरण गरिएको थियो ।

गाउँपालिकाभित्रका महिला, बालबालिका, वृद्धवृद्धा तथा आर्थिक रूपमा कमजोर वर्गका नागरिकहरूलाई लक्षित गरी शिविर आयोजना गरिएको आयोजकले जनाएको छ । गाउँपालिका अध्यक्ष अंसारीले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच अझ सहज बनाउने उद्देश्यले यस प्रकारका कार्यक्रमलाई निरन्तरता दिइने बताए ।

स्थानीयवासीहरूले गाउँमै गुणस्तरीय स्वास्थ्य सेवा पाउन सकेकोमा खुशी व्यक्त



गर्दै गाउँपालिकाप्रति धन्यवाद ज्ञापन गरेका छन् ।

# नेपाली सेनाद्वारा निःशुल्क स्वास्थ्य शिविर

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको छिन्नमस्ता गाउँपालिकामा नेपाली सेनाले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । गाउँपालिकाको वडा नम्बर ५ स्थित स्वास्थ्य चौकी प्रसूति गृह लोखरममा शिविर संचालन गरिएको हो । बरख गणको आयोजनामा तथा श्री नम्बर २७ फिल्ड गुल्म र छिन्नमस्ता गाउँपालिकाको सहकार्यमा शिविर सञ्चालन गरिएको बरख गणका प्रमुख सेनानी सोवित बहादुर चन्दले जानकारी दिए ।

शिविरमा स्थानीय बासिन्दालाई सामान्य ओपिडी सेवा, आँखा उपचार, स्त्री तथा प्रसूति रोग सेवा, बालरोग सेवा लगायतका स्वास्थ्य परीक्षणका साथै आवश्यक निःशुल्क औषधी वितरण गरिएको छ । बरख गणका प्रमुख सेनानी चन्दको अध्यक्षतामा उद्घाटन गरिएको शिविरमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, स्थानीय जनप्रतिनिधि तथा स्थानीयवासीसहित करिब ७० जनाको उपस्थिति रहेको थियो ।

# अबको यात्रा समृद्ध र विकासः मन्त्री गुप्ता

**मधेशदृष्टि**
**जनकपुर ।**
मधेस प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री राजकुमार गुप्ता (राजु) ले सुन्दर र समृद्ध मधेस प्रदेश बनाउने जिम्मेवारी आफ्नो काँधमा आएको बताएका छन् । उनले मधेस आन्दोलनका सहिदहरु रमेश महतो, विजय सहनी, बेचन यादव, प्रमोद सदाय र मोहम्मद अनिस अन्सारीको शालिकमा माल्यार्पण गर्दै, अबको यात्रा समृद्धि र विकास नै हुने बताए ।

मन्त्री गुप्ताले जनभावना अनुसार काम नगरे विद्रोह र असन्तुष्टि जन्मने भएकाले सहिदलाई साक्षी राखेर काम गर्नुपर्ने प्रतिवद्धता व्यक्त गरे । उनले मधेसको जीवनरेखा मानिने कमला पुल निर्माण र गाउँ–सहर जोड्ने प्रदेशस्तरीय सडक निर्माण कार्यलाई प्राथमिकतामा राखिएको प्रष्ट पारे । मन्त्री गुप्ताले बजेट पारदर्शी र समयमा निकासा गरी अनुगमनलाई व्यावहारिक बनाउने दृढता पनि व्यक्त गरे ।

# गोगल प्रसाद नमुना माविको नवनिर्मित भवन उद्घाटन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–२४ बसहियास्थित गोगल प्रसाद नमुना माध्यमिक विद्यालयमा शनिबार नवनिर्मित विद्यालय भवन उद्घाटन गरिएको छ ।
मधेश प्रदेश सरकारको शिक्षा तथा संस्कृति मन्त्रालयद्वारा आर्थिक वर्ष २०८१–८२ अन्तर्गत निर्माण गरिएको दुईकोठे विद्यालय भवनको उद्घाटन शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले गरेकी हुन् । उद्घाटन समारोहमा मन्त्री तिवारीले शिक्षा क्षेत्रमा भौतिक पूर्वाधारको विकासले विद्यार्थीको सिकाइ वातावरणलाई सुरक्षित, सहज र प्रभावकारी बनाउने बताइन् । उनले शिक्षाको गुणस्तर सुधारका लागि कक्षाकोठा, शौचालय, खानेपानी तथा अन्य आधारभूत संरचनाको महत्वपूर्ण भूमिका रहने उल्लेख गरिन् ।
मधेश प्रदेश सरकारले शिक्षालाई उच्च प्राथमिकतामा राख्दै विद्यालय पूर्वाधार सुदृढीकरणमा निरन्तर लगानी गरिरहेको बताउँदै मन्त्री तिवारीले पर्याप्त कक्षाकोठाको अभावका कारण पढाइमा देखिँदै आएको समस्या नयाँ भवन निर्माणसँगै केही हदसम्म समाधान हुने विश्वास व्यक्त गरिन् ।
विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले नवनिर्मित भवनले विद्यार्थीको चाप व्यवस्थापन गर्न, पठनपाठनलाई व्यवस्थित बनाउन तथा शिक्षण–सिकाइ प्रक्रियालाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने बताएका छन् । उनीहरूले प्रदेश सरकार र शिक्षा तथा संस्कृति मन्त्रालयप्रति आभार व्यक्त गर्दै आगामी दिनमा थप सहयोगको अपेक्षासमेत व्यक्त गरे । स्थानीय जनप्रतिनिधि, शिक्षक, अभिभावक तथा विद्यार्थीको उपस्थिति रहेको कार्यक्रममा विद्यालयको वर्तमान शैक्षिक अवस्था, चुनौती र सम्भावनाका विषयमा समेत छलफल गरिएको थियो । सहभागी वक्ताले शिक्षामा पहुँच, गुणस्तर र समानताको सुनिश्चितताका लागि यस्ता पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए ।
प्रदेश सरकारको पहलमा ग्रामीण तथा अर्धशहरी क्षेत्रका विद्यालयमा भौतिक पूर्वाधार विस्तार हुँदै गएको उल्लेख गर्दै यसले दीर्घकालीन रूपमा शैक्षिक सुधारमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरिएको छ ।



**उखु बोकेका ट्र्याक्टरः** महोत्तरीको रामनगरस्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डस्ट्रिजको हाताभित्र झार्न प्रतीक्षामा रहेका उखु बोकेका ट्र्याक्टर । किसानले उखुको उचित मूल्य नपाएको गुनासो गर्दै आएका छन् । तस्बिरः रासस

# दिव्य सहकारीको २८ औँ वार्षिक साधारणसभा सम्पन्न




**मधेशदृष्टि**
**पोखरिया ।**
दिव्य बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बिरञ्चीबर्वाको २८ औँ वार्षिक साधारण सभा सम्पन्न भएको छ । पोखरिया नगरपालिकास्थित शिवमन्दिर सभाहलमा आयोजित साधारण सभामा आर्थिक वर्ष २०८१/०८२ का लागि ९ करोड ५२ लाख ८४ हजार २ सय ७३ रुपैयाँको आय व्यय विवरण प्रस्तुत गरिएको थियो । साथै, आर्थिक वर्ष २०८२/०८३ का लागि १५ करोड ५६ लाख ७० हजार रुपैयाँ बराबरको वार्षिक कार्यक्रम तथा बजेट सार्वजनिक गरिएको छ ।
सभामा बजेट तथा कार्यक्रम संस्थाका लेखा प्रशासकीय अधिकृत बृजकिशोर चौहानले प्रस्तुत गरेका थिए । साधारण सभाको उद्घाटन संस्थाका अध्यक्ष उमेश चौहानको अध्यक्षतामा सम्पन्न भएको थियो ।
कार्यक्रममा बोल्दै अध्यक्ष चौहानले सहकारीले सहुलियत दरमा ऋण उपलब्ध गराई हजारौँ महिला पुरुषलाई आत्मनिर्भर र रोजगारीमुखी बनाएको दाबी गरे । बिना धितो कृषि, पशुपालन, व्यापारलगायत क्षेत्रमा लगानी गर्दै रोजगारी सिर्जनामा संस्थाले महत्वपूर्ण भूमिका खेलेको उनको भनाइ थियो । संस्थाको आम्दानी स्वास्थ्य, शिक्षा, कृषि, सडक तथा मठमन्दिर जस्ता सामाजिक क्षेत्रमा लगानी हुँदै आएको पनि उनले जानकारी दिए ।
अध्यक्ष चौहानले सेयरधनी बन्न थप नागरिकलाई आह्वान गर्दै युवामुखी तथा महिलालाई प्राथमिकता दिइएका रोजगारीमूलक कार्यक्रम सञ्चालनमा रहेको बताए । संस्थाले मोबाइल बैंकिङ सेवा सुरु गरिसकेको र मुडलीमा छिट्टै शाखा विस्तार हुने जानकारी पनि दिइयो ।
साधारण सभामा समयमै ऋण चुक्ता गर्ने उत्कृष्ट सेयर सदस्य, ऋणी, कर्मचारी तथा योगदानकर्तालाई घडी, गमछा र कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो । कार्यक्रममा उपाध्यक्ष सोनालाल कुर्मी, सचिव अनरुद चाई, कोषाध्यक्ष रामाकान्त पटेललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा सेयरधनी, कर्मचारी, सर्वसाधारण, पत्रकार तथा सुरक्षाकर्मीको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# दिलिप महतोलाई ‘पर्यावरण शहीद’ घोषणा माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
युथ एसोसिएसन अफ नेपाल (यान) ले पर्यावरण अभियन्ता दिलिप महतोको छैठौँ पुण्यतिथिको अवसरमा काठमाडौँको माइतीघर मण्डलामा श्रद्धाञ्जली कार्यक्रम गरेको छ ।
अवैध खोला उत्खनन रोक्ने क्रममा २०७६ साल पुस २५ गते टिपरले किचेर हत्या गरिएका महतोको सम्झनामा आयोजित कार्यक्रममा सहभागीले न्याय, सम्मान र दोषीमाथि कडा कारबाहीको माग दोहो¥याएका छन् ।
यानका केन्द्रीय महासचिव दिपक यादवको नेतृत्वमा सम्पन्न कार्यक्रममा सहभागीले महतोलाई देशको पहिलो ‘पर्यावरण शहीद’ घोषणा गर्न सरकारसँग आग्रह गरेका थिए । यानले विगत छ वर्षदेखि महतोको हत्या प्रकरणमा न्याय र पर्यावरण संरक्षणको विषयलाई निरन्तर रूपमा उठाउँदै आएको जनाएको छ ।
कार्यक्रममा दिलिप महतोका बहिनी, नेपाल विद्यार्थी संघका केन्द्रीय अध्यक्ष दुजाङ शेर्पा, मधेश लाइब्रेरीका संरक्षक आभाष गुरु, ब्लड फर नेपालका सरोज महतो, कुश्वाहा समाजका केन्द्रीय अध्यक्ष राकेश सिंह, बिटु मिश्र, भोला भट्टराई, राज सिंघानियालगायत विभिन्न क्षेत्रका युवाको उल्लेखनीय उपस्थिति थियो ।
महतोकी बहिनी अध्यक्ष रहेको दिलिप महतो प्रतिष्ठानले पनि छुट्टै श्रद्धाञ्जली कार्यक्रम आयोजना गरेको थियो । दुवै संस्थाको कार्यक्रम एउटै स्थान र समयमा परेकाले संयुक्त रूपमा श्रद्धाञ्जली अर्पण गरिएको आयोजकले जानकारी दिएका छन् ।
श्रद्धाञ्जली सभामा सहभागी वक्ताले दिलिप महतोको बलिदानले अवैध उत्खननविरुद्धको आन्दोलनलाई नयाँ दिशा दिएको उल्लेख गर्दै दोषीलाई कडा कारबाही गर्न र पर्यावरण संरक्षणका लागि प्रभावकारी नीति निर्माण गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

# पूर्वराज्यमन्त्री चौधरीको निधन

**राजविराज ।**
पूर्वसांसद एवम् राज्यमन्त्री चन्द्रकान्त चौधरीको शनिबार निधन भएको छ । उनको सप्तरीको डाक्नेश्वरी नगरपालिका–५ स्थित निजी निवासमा निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।
८५ वर्षको उमेरमा चौधरीको निधन भएको राष्ट्रिय मुक्ति पार्टीका सहमहासचिव गजेन्द्र मण्डलले जानकारी दिए । चौधरी २०७४ सालको निर्वाचनमा सप्तरी क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएका थिए ।
तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)बाट निर्वाचित उनी ऊर्जा, सिँचाइ र जलस्रोत राज्यमन्त्रीसमेत बनेका थिए । पछिल्लो पटक राष्ट्रिय मुक्ति पार्टीमा उनी कार्यकारिणी समितिमा थिए । चौधरीका दुई छोरा र दुई छोरी छन् ।

# १० बोत्तल फोहर पानी वीउवासंघको गेटमा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका जेन–जी युवाहरूले सिर्सिया नदी प्रदूषणमुक्त बनाउन दबाबमुलक अभियान सुरु गरेका छन् । शनिबार उनीहरूले वीरगंज उद्योग वाणिज्य संघको मुख्य गेटमा १० वटा बोत्तलमा फोहोर पानी राखेर झुण्ड्याएका छन् ।
युवाहरूले पुस ९ गते संघका अध्यक्ष हरि गौतमलाई भेटेर नदी प्रदूषण गरिरहेका उद्योगमाथि कारबाही नगरे चेतावनी दिइसकेका थिए । तर कुनै पहल नभएपछि बोतल झुण्ड्याउने अभियान अघि बढाइएको हो । अभियानका अगुवा किसु सर्राफका अनुसार अध्यक्ष गौतमले पहिले भनेका थिए कि नदीको सतह कालो हुनु फोहोरले नभई मुनिको माटोको कारण हो र संघसँग उद्योगमाथि कारबाही गर्ने अधिकार छैन ।
युवाहरूले अबको एक हप्ताभित्र पनि कारबाही नभए फोहोर पानी बोतलमा राखेर संघ कार्यालयमै खन्याउने चेतावनी दिएका छन् । सिर्सिया नदी वीरगंजको जीवनरेखा मानिन्छ, तर पर्सा–बाराका औद्योगिक क्षेत्रमा दशकौँदेखि औद्योगिक फोहोर र रासायनिक प्रदूषण फालिँदै आएको छ ।

# ऐतिहासिक पर्सागढी युद्धस्थलमा म्याराथन

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली सेनाको श्रीजंग गण, वीरगंजले ३०४ औँ पृथ्वीजयन्तीको अवसरमा पर्सागढी नगरपालिकास्थित ऐतिहासिक पर्सागढी युद्धस्थलमा शनिबार म्याराथन दौड प्रतियोगिता आयोजना गरेको छ । प्रतियोगितामा १० किलोमिटर खुला म्याराथन, छात्र–छात्राका लागि छुट्टाछुट्टै पाँच किलोमिटर दौड र पाँच किलोमिटर वाकाथन सञ्चालन गरिएको थियो ।
१० किलोमिटर खुला म्याराथनमा श्रीजंग गणका सिपाही लीलाराम वली प्रथम, सर्जन राउत द्वितीय र पुष्प अछामी तृतीय भए । छात्र दौडतर्फ निरज चौधरी प्रथम, गोलु सहनी द्वितीय र अंकेश सहनी तृतीय भए । छात्रा दौडमा काजल सहनी प्रथम, नन्दनीकुमारी पटेल द्वितीय र अञ्जु कुमारी पटेल तृतीय स्थानमा रहीन् । वाकाथनमा सरकारी कार्यालय र सुरक्षा निकायका प्रमुख तथा कर्मचारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।
सो अवसरमा विसं १८७१ पुस १८–१९ मा नेपाल र ब्रिटिस इस्ट इन्डिया कम्पनीबीच पर्सागढीमा भएको ऐतिहासिक युद्धको स्मरण समेत गरिएको थियो । प्रतियोगिताका विजेताहरूलाई प्रमुख जिल्ला अधिकारी भोला दाहाल, पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठक, श्रीजंग गणका गणपति लोकेन्द्र कार्की तथा सशस्त्र प्रहरी बल पर्साका गणपति पुरनचन्द्र भट्टले मेडल, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरेका थिए ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज नजिक परवानिपुर बाइपासमा गएराति फोरक्लिप र मोटरसाइकल एक आपसमा ठोक्किँदा मोटरसाइकल सवार एक युवकको ज्यान गएको छ ।
प्रदेश २–०३–०२३ प ७१ नम्बरको प्लसर मोटरसाइकल माल लोड गर्ने फोरक्लिप सँग ठोकिएर दुर्घटना भएको हो । दुर्घटनामा गम्भीर घाइते मोटरसाइकल चालक लाई तत्कलै उपचारका लागि गण्डक स्थित वीरगंज हेल्थ केयर अस्पताल पु¥याएकोमा चिकित्सकले मृत घोषना गरेका हुन् ।
हाल युवकको शवलाई अस्पतालमै राखिएको छ । अहिलेसम्म मृतकको आफन्त कोही सम्पर्कमा नआएकोले पहिचान खुल्न नसकेको वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरिक्षक नविन कुमार थापाले जानकारी दिए ।

# अझै ८० प्रतिशत परिवार खानेपानीको पहुँच बाहिर

**जनकपुरधाम ।**
जनकपुरधाम नगरभित्र माग अनुसार खानेपानी वितरण तथा आपूर्ति नहुँदा ८० प्रतिशत परिवार खानेपानीको पहुँच बाहिर छन् । दैनिक आवश्यकताभन्दा करिब ३५ लाख लिटर कम खानेपानी आपूर्ति गर्दै आएको खानेपानी संस्थान जनकपुरधाम उपभोक्ताको मागअनुसार वितरण गर्न सकिरहेको छैन ।
जनकपुरधाम नगरक्षेत्रमा दैनिक दुई करोड ५० लाख लिटर पानीको माग रहे पनि संस्थानले २० प्रतिशत घरमा मात्र पाइपमार्फत खानेपानी आपूर्ति गर्दै आएको जनाएको छ ।
कार्यालयका प्रमुख विष्णुदेव साहले राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार हाल जनकपुरधाममा ४० हजार ४ सय ९ परिवारमध्ये पाँच हजारमामा खानेपानीको धारासहित मिटर जडान गरिएको जानकारी दिए । उनका अनुसार तीमध्ये ४० प्रतिशत घरमा आंशिक रूपमा मात्र पानी आपूर्ति हुने गरेको छ ।
पछिल्लो समय यहाँ परिवारको संख्या पनि बढ्दै गएको उनको भनाइ छ ।
वडा नं १० तथा रामानन्द चोकमा निर्मित चार लाख ५० हजार लिटर क्षमताको दुईवटा ओभरहेड ट्याङ्कीमा छवटा डिपबोरिङबाट सङ्कलित भूमिगत पानीलाई प्रशोधन गरी वितरण भइरहेको प्रमुख साहले जानकारी दिए । करिब ३४ वर्ष पुरानो वितरण प्रणालीका कारण विभिन्न स्थानमा पाइप फुट्ने, चर्कने, जीर्ण संरचनालगायत समस्याले नियमित पानी वितरणमा चुनौती थपिएको उनको भनाइ छ ।
सीमित बजेटका कारण ३४ वर्ष पुरानो तथा जीर्ण पाइपबाट सबै वडामा खानेपानी आपूर्ति पु¥याउन समस्या भएको कार्यालयका प्रमुख साहले बताए । उनका अनुसार जीर्ण पाइपका कारण नियमित रूपमा ५० प्रतिशत मात्र पानी आपूर्ति भइरहेको छ ।
गत आर्थिक वर्षमा कार्यालय हाताभित्र एक करोड ३० लाख रुपैयाँ मूल्य बराबरको लागतमा थप पाँच लाख लिटर क्षमताको ट्याङ्की र चार करोड रुपैयाँ भन्दा बढीको लागतमा मुजेलिया प्रहरी चौकीबाट वडा नं ८ स्थित होटल सियाशरणसम्मको सडकको दायाँबायाँ आठ–आठ इन्चको पाइप बिछ्याएको थियो ।
सीमित स्रोत र साधनका बाबजुद त्यहाँबाट पाँच लाख लिटर पानी भण्डारण तथा धारा जडानको काम भइरहेको कार्यालय प्रमुख साहले बताए ।
यसैबीच, पटकपटक विद्युत् आपूर्ति बन्द हुँदा पानी वितरणमा समस्या हुने गरेको कार्यालयका कर्मचारीले गुनासो गरेका छन् । यहाँका अधिकांश परिवारले चापाकल तथा मोटर जडान गरेर खानेपानीसहित दैनिक प्रयोगका कार्य गरिरहेका छन् ।

सम्पादकीय

# प्रहारबीच मजबुतीः के एमाले अझै राजनीतिक रूपमा सुदृढ छ ?

भदौ २३ र २४ को जेन्जी आन्दोलन नेपाली राजनीतिको एउटा निर्णायक क्षण बन्यो। त्यस आन्दोलनको सबैभन्दा कडा प्रहार नेकपा (एमाले) माथि पर्‍यो। सडकदेखि सामाजिक सञ्जालसम्म एमालेविरुद्ध आक्रोश पोखियो, संगठनात्मक संरचनामाथि प्रश्न उठाइयो र नेतृत्वको वैधतासमेत चुनौतीमा पर्‍यो। तर राजनीतिमा प्रहार आफैंमा अन्त्य हुँदैन; प्रश्न त्यसपछि दल कसरी उभिन्छ भन्ने हो।

जेन्जी आन्दोलनपछिको एमालेको गतिविधिले यही प्रश्नको उत्तर दिन खोजेको देखिन्छ। आन्दोलनको प्रत्यक्ष दबाबबीच पनि एमालेले वडा, पालिका र सदरमुकामस्तरीय भेला गर्दै संगठनलाई सक्रिय राख्यो। त्यसैको निरन्तरतामा केन्द्रीय भेला सम्पन्न गर्‍यो, राष्ट्रिय महाधिवेशन गरेर नेतृत्व पुनः संस्थागत गर्‍यो र त्यसपछि दुई वटा केन्द्रीय कमिटी बैठकमार्फत नीतिगत तथा सांगठनिक निर्णयहरू अघि बढायो। यो क्रम कुनै कमजोर दलको लक्षण होइन, बरु संकटलाई व्यवस्थापन गर्न सक्ने दलको अभ्यास हो।

राजनीतिक दलको मजबुती केवल सडकमा कति आलोचना भयो भन्नेबाट मापन हुँदैन। संगठनको निरन्तरता, निर्णय क्षमताको स्थायित्व र संसदभित्रको भूमिकाले वास्तविक शक्ति देखाउँछ। यस दृष्टिले हेर्दा एमाले अहिले पनि प्रतिनिधि सभा र राष्ट्रिय सभामा सम्मानजनक हैसियतमा सहकार्य गर्दै आएको छ।

सत्ता–प्रतिपक्षको भूमिकामा रहँदा पनि विधेयक, नीति बहस र संसदीय अभ्यासमा एमालेको उपस्थिति निर्णायक नै छ। राजनीतिक रूपमा 'अलग्गिएको' दल यस्तो हैसियतमा रहन सक्दैन। तर यसको अर्थ एमाले निर्विवाद रूपमा बलियो छ भन्ने होइन। जेन्जी आन्दोलनले उठाएका प्रश्नहरू अझै सकिएका छैनन्। युवा पुस्तासँगको दूरी, शासकीय शैलीप्रति असन्तोष र आन्तरिक लोकतन्त्रको अभ्यासमा देखिएका कमजोरीहरू एमालेका लागि चुनौतीकै रूपमा बाँकी छन्। संगठन बलियो हुनु र राजनीतिक विश्वास बलियो हुनु एउटै कुरा होइन। अहिले एमाले पहिलो पक्षमा उभिएको देखिन्छ, दोस्रो पक्षमा भने उसले अझै मेहनत गर्नैपर्छ।

यद्यपि नेपाली राजनीतिमा बारम्बार देखिएको एउटा सत्य के हो भने, गहिरो संगठन भएका दलहरू आलोचना र आन्दोलनपछि पनि चाँडै विसर्जित हुँदैनन्। एमाले त्यस्तै दल हो। आन्दोलनको प्रहारबीच पनि महाधिवेशन, केन्द्रीय बैठक र संसदीय सहकार्य निरन्तर राख्नुले एमालेको संस्थागत शक्ति अझै कमजोर भइसकेको छैन भन्ने संकेत गर्छ। निष्कर्षमा भन्नुपर्दा, एमाले अहिले पनि नेपाली राजनीतिमा मजबुत दलकै श्रेणीमा पर्छ। तर यो मजबुती विगतको जडत्वका कारण होइन, संकट व्यवस्थापन गर्ने संगठनात्मक क्षमताका कारण हो। यदि एमालेले आन्दोलनले देखाएका असन्तोषका कारणहरूलाई आत्मसात् गर्दै सुधारको बाटो समात्न सकेन भने यो मजबुती दीर्घकालीन नहुन सक्छ। नेपाली राजनीतिमा बलियो देखिनु मात्र पर्याप्त हुँदैन, भरोसायोग्य देखिनु अझै ठूलो चुनौती हो।

# विध्वंश पक्षधरहरु एक ठाउँमा उभिन खोजिरहेको अवस्था र एमाले



केपी शर्मा ओली

**१. एघारौँ राष्ट्रिय महाधिवेशनको सङ्क्षिप्त समीक्षा र मुख्य सन्देश**

पार्टीको ११ औँ राष्ट्रिय महाधिवेशन गतः मङ्सिर २७– पुस ३ सम्म भव्य रुपमा सम्पन्न भएको छ। सामान्यतया कुनै पनि राष्ट्रिय महाधिवेशन–राष्ट्रिय सम्मेलन सम्बन्धित पार्टीको आन्तरिक विषय हो। त्यो सम्बन्धित पार्टीको विधान अनुरुप पार्टीको निरन्तरता र गतिशीलताका लागि नेतृत्व हस्तान्तरण र ताजगीका लागि सम्पन्न हुने एउटा नियमित प्रक्रिया हो। तर जस्तो समय र सन्दर्भमा महाधिवेशन आयोजना गरिएको थियो र जुन भव्यता एवं सन्देशसहित सम्पन्न भयो, त्यस दृष्टिले यो महाधिवेशन नेकपा (एमाले) को आन्तरिक विषय मात्र रहेन। यसले समग्र राष्ट्रिय राजनीतिलाई नै सकारात्मक रुपले प्रभावित गरेको छ।

भदौ २३ र २४ गतेका त्रासदीपूर्ण घटनापछि मुलुक असामान्य अवस्थामा धकेलिएको थियो। भदौ २३ गते नवयुवाहरुका सामान्य माग र शान्तिपूर्ण प्रदर्शनभित्र घुशपैठ गरेर त्यसलाई जसरी योजनाबद्ध रुपमा हिंसात्मक मुठभेडमा रुपान्तरित गरियो र १९ जना युवाहरुको ज्यान जाने दुःखान्तमा बदलियो, त्यो अकल्पनीय थियो। त्यही घटनालाई बाहना बनाएर भोलिपल्ट मुलुकलाई जसरी खरानीको थुप्रोमा बदल्ने आपराधिक काम भयो, यो नेपालको इतिहासकै सर्वाधिक त्रासद घटना थियो। त्यस दिन एकैसाथ कार्यकारी, विधायिकी र न्यायिक संरचना ध्वस्त पारिए। गणतन्त्रको प्रतीक राष्ट्रपति भवनदेखि जनताको आँगनको सरकार वडा कार्यालयसम्म, सयौँ सुरक्षा पोष्टदेखि मिडिया हाउससम्म, लोकतन्त्रका आधारस्तम्भ –दलका कार्यालयदेखि अग्रज र शहीदका स्मारकहरुसम्म, अर्थतन्त्रका मेरुदण्ड– व्यवसायिक प्रतिष्ठानदेखि व्यक्तिका निजी सम्पत्तिसम्मको त्यो दहन, विध्वंश र लुट कुनै आक्रोशको परिणति थिएन। यो कुनै स्वतःस्फूर्त रुपमा घटित घटना पनि थिएन। त्यो त लोकतन्त्र समाप्त पार्ने, संविधान असफल बनाउने, राष्ट्रलाई दशकौँ पछाडि धकेल्ने र क्रमशः भूराजनीतिक भुँवरीमा फँसाउदै नेपाललाई असफल राष्ट्रमा बदल्ने नियोजित षडयन्त्रको एउटा अङ्ग थियो। भदौ २३ र २४ का घटनाका सन्दर्भमा हामीले दशौँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीको दशौँ बैठक (असोज २९–३१) र राष्ट्रिय महाधिवेशनबाट पारित प्रस्ताव मार्फत् समग्र दृष्टिकोण सार्वजनिक गरिसकेका छौँ।

समयक्रममा त्यस विध्वंश पछाडिका पात्र, समूह र शक्तिहरुको मुखुण्डो पनि क्रमशः खुल्दै गएको छ। हामीले त्यस क्रममा ज्यान गुमाउने नवयुवाहरु तथा कत्तव्य पालनाका सिलसिलामा ज्यान गुमाउने सुरक्षाकर्मीहरुप्रति श्रद्धासुमन अर्पण गरेका छौँ, घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छौँ र उपयुक्त समयमा समग्र परिस्थितिको स्वतन्त्र अध्ययन अनुसन्धान गरेर सत्यतथ्य सार्वजनिक गर्ने सङ्कल्प गरिसकेका छौँ।

त्यसपछि लोकतान्त्रिक दलहरु विरुद्ध फैलाइएको नियोजित घृणा, निषेधको व्यवहार, तीव्र आक्रमण र हिंसाका हामी साक्षी छौँ। विध्वंशलाई 'विद्रोह' र 'आन्दोलन' का नाममा महिमामण्डित गर्दै स्थापित दल, तिनको नेतृत्व र लोकतान्त्रिक प्रणालीमाथि झुठा आरोप, धम्की र योजनाबद्ध प्रहारको श्रृङ्खला कसरी चलाइयो भन्ने कुरा हामीले देखे–भोगेका छौँ। जनादेशप्राप्त सरकारलाई विस्थापन गरेर एवं जनताका प्रतिनिधिहरुको सर्वोच्च निकाय प्रतिनिधिसभालाई विघटन गरेर रिक्तता सिर्जना गर्दै कसरी अनिर्वाचित, अराजक र शङ्कास्पद पात्रहरुले कानुन हातमा लिने दुष्प्रयास गरे भन्ने पनि हामीले नजिकबाट अनुभव ग¥यौँ।। समाजलाई एकातिर युवाहरु र अर्कातिर बृद्ध उमेर समूहका बिचमा विभाजित गर्ने चेष्टा भयो। राजनीतिलाई कुनै विचारधारा, दर्शन या मुद्दाका आधारमा होइन, नयाँ र पुरानाको हानीकारक कित्ताकाटतिर उन्मुख गराइयो। लोकतान्त्रिक प्रणालीले काम गरेन, 'पुराना' पार्टीहरु असफल भए, राजनीतिक विचारधाराहरु असान्दर्भिक भए र पुराना नेताहरु समाजको वाधक भए भन्ने नकारात्मक भाष्य निर्माण गरियो। नवयुवाहरुको प्रदर्शन र त्यसलाई अपहरण गरेर गरिएको विध्वंशलाई छुट्याएर हेर्ने र कथित 'कलर रिभोल्युसन' पछिको समग्र अन्तरवस्तु, उद्देश्य र नियतलाई गहिराइसाथ बुझ्न दलहरुमा पनि समस्या देखियो। घटना केन्द्रित विश्लेषण र व्यक्ति केन्द्रित बहसले यति गहिरो षडयन्त्रलाई बुझ्न केही समय अलमल सिर्जना ग¥यो। नेकपा एमालेका सामुसमेत आपूm दलहरुका सामु सम्हालिने, अगाडि बढ्ने, नयाँ जोखिमको सामना गर्ने र मुलुकको राष्ट्रिय हित, लोकतन्त्र र संविधानको रक्षाका लागि नयाँ सङ्कल्पका साथ अगाडि बढ्ने चुनौती थपिएको अवस्था थियो।

यसै पृष्ठभूमिमा सम्पन्न नेकपा (एमाले) को ११ औँ राष्ट्रिय महाधिवेशनको विशेष र राष्ट्रिय महत्व छ। भदौ २३–२४ को घटनामा सर्वाधिक क्षति व्यहोरेको पार्टी नेकपा (एमाले) नै थियो, जसले सरकारको नेतृत्व गुमाएको मात्रै थिएन, सत्ताबाटै विस्थापित हुनुपरेको थियो। जसका केन्द्रीय कार्यालय सहित ६४ भन्दा बढी पार्टी कार्यालयहरु ध्वस्त भएका थिए। जसका झण्डै २ सय नेता कार्यकर्ताको घर दहन र लुटपाट भएका थिए। जसले अराजक जत्थाहरुबाट सबैभन्दा धेरै धम्की र निषेधको सामना गर्नुपरेको थियो। यति ठुलो धक्का व्यहोरेको पार्टी ३ महिनाको छोटो अन्तरालमै सम्हालिनु, पुनः उठ्नु, आधारभूत तहसम्मै चलायमान हुनु, लोकतन्त्रको रक्षाका लागि सबै वडा, पालिका र जिल्ला–जिल्लाबाट प्रदर्शनमा उत्रिनु सामान्य विषय थिएन। अझ पार्टीले त्यति छोटो तयारीमा त्यति भव्यतासाथ महाधिवेशन सम्पन्न गर्न सफल हुनु चानचुने विषय होइन। यसले नेकपा (एमाले) को जनाधार कति सुदृढ छ, कार्यकर्ताहरुको मनोबल कति उच्च छ र पार्टीको प्रतिरोधी क्षमता, रिजिलियन्सी र जुझारुपन कति सशक्त छ भन्ने कुरालाई दर्शाउँछ। महाधिवेशनको पहिलो सन्देश भनेको हाम्रो पार्टी जस्ता सुकै प्रतिकूलतालाई पनि अनुकूलतामा बदल्न र जस्ता सुकै जोखिमसँग पनि जुझ्न सक्षम छ भन्ने हो।

नेकपा (एमाले) को यस महाधिवेशनले मुलुकको लोकतन्त्र र लोकतान्त्रिक शक्तिहरुलाई पनि ठुलो भरोसा र आत्मबल दिएको छ। प्रतिगमनको चक्कामा ब्रेक लगाएको छ र देशद्रोही र अराजकहरुको मनोबल खस्काइदिएको छ। महाधिवेशनको उद्घाटन सत्रमा भक्तपुरको सल्लाघारीमा उपस्थित लाखौँ जनताले नेकपा (एमाले) लाई मात्रै समर्थन गरेनन्, उनीहरुले लोकतन्त्रका रक्षाकवचका रुपमा पनि आफूलाई उभ्याए। भदौ अन्तिम साताको घटनापछि पुराना दल सिद्धिए भन्ने भ्रमलाई खण्डन गर्दै महाधिवेशनले लोकतन्त्र अजेय छ भन्ने स्पष्ट सन्देश दिन सफल भयो। यसले नेकपा (एमाले) लोकतन्त्रका लागि अग्रपङ्क्तिमा उभिएर लड्ने शक्ति मात्र होइन, यसको रक्षाको बलियो स्तम्भ पनि हो भन्ने दूरगामी सन्देश दिएको छ। लोकतन्त्रको अग्रणि शक्तिका रुपमा नेकपा (एमाले) को पुनर्पुष्टि महाधिवेशनको अर्को ऐतिहासिक सन्देश हो।

नेकपा (एमाले)ले लिएको राष्ट्रिय दृष्टिकोण, व्यवहार र अडान नै नेपालीको दृष्टिकोण, व्यवहार र अडान हो। यसैकारण एमालेले अनेकौं खतरनाक प्रहारहरु सहनु परेको छ र त्यसका बाबजुद राष्ट्रियता र राष्ट्रिय हितप्रति नेकपा (एमाले) अडिग छ र रहने छ भन्ने कुरा पनि यस महाधिवेशनले पुनः चर्को आवाजमा स्पष्ट पारेको छ। देशलाई माया गर्ने, देशमा शान्ति चाहने, जनताको जीउधन र हक अधिकारहरु सुरक्षित होउन्, भ्रष्टाचार नियन्त्रण र अन्त्य होस्, जनताले सहज ढंगले राज्यबाट प्राप्त गर्नु पर्ने सेवा, सुविधाहरु पाउन् अर्थात् देशमा सुशासन होस् र देशलाई तीव्रतका साथ विकासको बाटोमा अघि बढाउन सकियोस् भनेर सोच्ने र त्यसका लागि आफ्ना प्रयासहरु केन्द्रित गर्ने पार्टी पनि यही हो भन्ने कुरा मैले भदौ २३–२४ का घटनाहरु पछिको आन्दोलन र एघारौँ महाधिवेशनले अझ टड्कारो ढंगले स्पष्ट पारेको छन्।

भदौ २४ गतेपछिको अन्यौलग्रस्त परिस्थितिमा पार्टी बाहिरबाट त नेकपा (एमाले) र यसको नेतृत्व विरुद्ध भीषण आक्रमण भयो नै, पार्टी पङ्क्ति भित्रैबाट पनि नेतृत्वको सान्दर्भिकता, वैधता र स्वीकार्यतामाथि प्रश्न खडा गरिएको थियो। पार्टीले विधानले तोकेको अवधिभन्दा एक वर्ष अगावै महाधिवेशन आयोजना गर्नुको तात्पर्य यी प्रश्नहरुको छिनोफानो पार्टीको सर्वोच्च निकायबाट गर्नु र नेतृत्वको स्वीकार्यता एवं बैधताको पुनर्पुष्टि गर्नु पनि थियो। हामीले यो काम अत्यन्त स्वस्थ, लोकतान्त्रिक र मर्यादित प्रतिष्पर्धाका माध्यमबाट सम्पन्न ग¥यौँ। लोककथामा उल्लेखित बाबुछोरा र घोडाको प्रसङ्ग जस्तै जे गरे पनि खोट मात्रै निकाल्ने छिद्रान्वेषीहरुलाई त कसरी सन्तुष्ट गर्न सकिन्छ र? तर महाधिवेशनले नेतृत्वको प्रश्नलाई विधिसम्मत् ढङ्गले समाधान गरेको छ। पार्टीमा आन्तरिक लोकतन्त्र कमजोर छ भन्ने भ्रमलाई महाधिवेशनबाट चिरिएको छ। आन्तरिक लोकतन्त्र थप सुदृढ बनाएसँगै हाम्रो पार्टीलाई मुलुकमा लोकतन्त्रलाई पुनस्थापित गर्ने र सुदृढीकरणको अगुवाइ गर्ने थप नैतिक बल प्राप्त भएको छ। यससँगै महाधिवेशन पूर्वका समूहबन्दी, केही विवाद र प्रश्नहरु विधिवत् रुपमा टुङ्गिएका छन् र पार्टीको आन्तरिक एकता सुदृढ भएको छ। महाधिवेशनले दिन खोजेको यो अर्को सशक्त सन्देश हो।

महाधिवेशनबाट हामीले विशेष व्यवस्था गरेरै केन्द्रीय कमिटीमा नवपुस्तालाई प्रतिनिधित्व सुनिश्चित गरेका छौँ। समाजलाई उमेर समूहमा बाँडेर नयाँ कि पुरानो जस्तो गरी गरिने बहस किमार्थ उचित छैन। समाजको विकासका लागि नयाँ पुस्ताको उर्जा जति महत्वपूर्ण हुन्छ, त्यसरी नै सकृय पुरानो पुस्ताको अनुभव र परिपक्वताको पनि महत्व हुन्छ। संभावनायुक्त प्रतिभाहरुको पहिचान गर्ने, तिनीहरुलाई योजनाबद्ध ढङ्गले हुर्काउने, निरन्तर प्रशिक्षित गर्दै जाने र क्रमशः दायित्व सुम्पिदै जाने विधिबाट मात्र नयाँ नेतृत्वको विकास गर्न सकिन्छ। कम्युनिष्ट आन्दोलनको मूल धार र मुख्य शक्तिका रुपमा नेकपा (एमाले) ले विभिन्न धार, समूह र शक्तिहरुलाई एकत्रित गर्दै अगाडि बढेको छ। यस पार्टीको विशेषता भनेकै वैचारिक बहस, सहकार्य, एकीकरण र एउटै स्कुलिङको निर्माण हो। महाधिवेशनले नेकपाको निरन्तरताको रुपमा नेकपा (एमाले) मा क्रियाशील रहनु भएका कमरेडहरु र घर फर्क अभियान मार्फत् पार्टीमा पुनः जोडिनुभएका कमरेडहरुलाई जसरी सम्मानका साथ आत्मसात ग¥यो, यसले पार्टीको भावनात्मक एकतालाई अझ सुदृढ गरेको छ।

महाधिवेशनको भव्य व्यवस्थापनले हाम्रो व्यवस्थापकीय क्षमतालाई प्रदर्शित गरेको छ र हाम्रा स्वयंसेवकहरु जस्तै प्रतिकूलतामा पनि पार्टीको नेतृत्व र कार्यक्रमको सुरक्षा गर्न र राष्ट्रिय हितको पक्षमा उभिन सक्षम छन् भन्ने पुष्टि गरेको छ। महाधिवेशनका यी सन्देशहरु पनि महत्वपूर्ण छन्।

हामीले पार्टी पङ्क्तिमा महाधिवेशनका यी सन्देशहरुलाई राम्रोसँग स्थापित गर्नुपर्छ र पार्टी पङ्क्तिलाई यी सन्देशका अलावा विधान महाधिवेशनबाट पारित दस्ताबेजहरुको आलोकमा नयाँ ढङ्गले प्रशिक्षित गर्नुपर्छ। निर्वाचन परिणामले विभिन्न कमरेडहरुको मनोभावनामा केही असर गरेको हुन सक्छ, तर अब हामी पछाडि फर्कने होइन, अग्रमुख हुनुपर्छ, अग्रगतिमा सङ्लग्न हुनुपर्छ।

**२. विद्यमान परिस्थिति र राजनीतिक धुरवीकरण**

होम्रो पार्टीको सचेतन, सक्रिय र हस्तक्षेपकारी भूमिका एवं लोकतन्त्रका पक्षधर अन्य दल र नागरिक समाजको समेत प्रयाशमा हामीले प्रतिगमनको थप श्रृङ्खलालाई रोक्न सफल भएका छौँ। स्थापित राजनीतिक दलहरुलाई अस्वीकार र निषेध गर्ने अलोकतान्त्रिक व्यवहारबाट सरकार पछि हट्न वाध्य भएको छ। दलहरुसँग संवाद गर्ने ठाउँमा आइपुगेको छ। स्थापित दलहरुलाई निर्वाचनमा भागै लिन नदिने, घरबाट बाहिर निस्कनै नदिने भन्नेजस्ता विभिन्न शङ्कास्पद पात्रहरुको माकफुइँलाई विफल तुल्याइएको छ। तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीहरुलाई भदौ २३–२४ का घटनामा सम्भव भएसम्म मुछने र त्यसो गर्न नसकिए पनि मिथ्याप्रचार, मिडिया ट्रायल र 'समन' र 'बयान' मार्फत् तेजोबध गर्ने प्रयाश पनि असफल भएको छ। एकातिर 'पुराना दल' र अर्कातिर 'नयाँ दल' बिचको धुरवीकरण भनेर चर्चा गरिए पनि यतिबेला मुलुकको राजनीति कुनै राजनीतिक दर्शन, विचारधारा या मुद्दामा होइन, भदौ २४ को विध्वंशलाई वैधता दिने कि त्यसलाई अस्वीकार गर्दै लोकतन्त्रलाई पुनस्थापित गर्ने भन्ने विषयमा राजनीति धुरवीकृत हुन थालेको छ। धम्की, घृणा, निषेध र हिंसाको बलमा लोकतान्त्रिक शक्तिहरुलाई किनारा लगाउन सम्भव नभएपछि र आफूहरुले गराएकै निर्वाचनका माध्यमबाट पनि लोकतान्त्रिक शक्तिहरुले पुनरागमन गर्ने देखेपछि विध्वंशका पक्षधरहरु एक ठाउँमा उभिन खोजिरहेको अवस्था छ।

राजनीतिक पार्टीहरुकै भूमिकाको बलमा लोकतन्त्र बलियो हुन्छ। तर यतिबेला विचारविहीन, कुनै सार्वजनिक जवाफदेहिता नभएका र सामाजिक नैतिकताका दृष्टिले विवादस्पद व्यक्तिहरु एक ठाउँमा जम्मा भएर लोकतान्त्रिक प्रणाली, विचार र संस्थाहरुलाई चुनौती दिइरहेको अवस्था छ। कुनै दिन कुनै 'अवतारी' नायकको जन्म हुन्छ र तिनीहरुले हेर्दा हेर्दै समस्याहरुको जादुमयी समाधान गरिदिन्छन् भन्ने भ्रम तुवाँलो फैलाइँदैछ।

मुलुकका सामु उत्पन्न चुनौती अन्त्य भइसकेका छैनन्। लोकतन्त्र सङ्कटमा छ। संविधान मिचिएको अवस्थामा छ। जननिर्वाचित सरकारको ठाउँमा संविधान बाहिरको अनिर्वाचित सरकार छ। समाज अराजकता, निषेध र हिँसाको धम्कीबाट अझै पनि त्रस्त छ। राष्ट्रिय एकता कमजोर हुँदै जाँदा वाह्य चलखेलको जोखिम बढेको छ। राष्ट्रिय हितको रक्षामा नयाँ चुनौती थपिएका छन्। मुलुकमा केही पनि भएन भनेर जबर्जस्त सिर्जना गरिएको नकारात्मक भाष्य छ। युवाहरुमा निराशा र अन्यौल छ।

**३. आम निर्वाचनका सम्बन्धमा**

हाम्रो पार्टी लोकतान्त्रिक निर्वाचनबाट कहिल्यै पन्छिदैन, कहिल्यै पिठ्यु फर्काउँदैन। यस मान्यतालाई हामीले बारम्बार सार्वजनिक गर्दै आएका छौँ। फागुन २१ को प्रस्तावित निर्वाचनको बारेमा हामीले सुरुदेखि नै अविचलित मान्यता राख्दै आएका छौँ– शान्तिपूर्ण, भयरहित र निष्पक्ष निर्वाचनको वातावरण सरकारले बनाउनै सकेको छैन। निर्वाचनको मूल मर्म भनेकै निर्भयताको वातावरण निर्माण हो।

हामीले सार्वजनिक रुपमा पनि र सरकारका प्रतिनिधिहरुसँगको वार्तामा पनि बारम्बार यो विषय उठाइरहेका छौँ। तर अझै पनि निर्वाचनको सुनिश्चित र निर्भयताको वातावरण बनिसकेको छैन।

तर पार्टी के कुरामा स्पष्ट छ भने ढिलो चाँडो मुलुक निर्वाचनमा जाने नै छ।

**४. उम्मेदवार छनौट सम्बन्धमा**

नेकपा (एमाले) का तर्फबाट तोकिएकै समयमा समानुपातिक सूची निर्वाचन आयोगमा प्रस्तुत गरिएको छ। पार्टीमा उम्मेदवार बन्न योग्य, समेट्नु पर्ने र भूमिका खेल्न सक्ने व्यक्तिहरु धेरै हुनुहुन्छ। तोकिएको ११० को सीमा, विभिन्न समावेशी क्लस्टरहरुको संरचना र भौगोलिक सन्तुलनलाई ध्यानमा राखेर उम्मेदवारहरुको सूचि प्रस्तुत गरिएको भए पनि कतिपय विषयमा ध्यान नपुगेको पनि हुन सक्छ। आगामी दिनहरुमा यस विषयमा अझ व्यवस्थित गृहकार्य गरिने छ।

त्यसै गरी प्रत्यक्ष तर्फका संभाव्य उम्मेदवारहरुको सिफारिस प्रक्रिया अन्तिम चरणमा पुगेको छ। यस सन्दर्भमा केही गुनासोहरु पनि देखा परेका छन्। एकातर्फ 'एकल सिफारिस' का नाममा केही ठाउँमा इच्छुक आकाङ्क्षीहरुसँग समुचित परामर्श नगरिएको र अर्कातर्फ सकेसम्म तल सहमति गर्ने प्रयाशै नगरी जति नाम प्रस्तुत भएका छन्, ती सबैलाई केन्द्रमा पठाएर आफ्नो दायित्वलाई मातहत कमिटीहरुले यथोचित ध्यान नदिएको अवस्था पनि देखा परेको छ। पार्टी नेतृत्वले सिफारिस प्रक्रियाको विश्वसनीयता सहित सबै पक्षलाई ध्यानमा राखेर उम्मेदवारको निर्णय गर्नेछ।

**५. प्रतिनिधिसभा पुनस्थापनाका सम्बन्धमा**

हाम्रो पार्टीले सुरुदेखि नै प्रतिनिधिसभाको विघटन प्रक्रियागत, कानुनी र राजनीतिक औचित्य हरेक दृष्टिले असंवैधानिक छ भन्ने दृढ मान्यता राख्दै आएको छ। यसको न्यायिक सम्परीक्षणका लागि पार्टीका तर्फबाट सर्वोच्च अदालतमा मुद्दा दायर गरिएको छ। विघटनलाई असंवैधानिक भने पनि यसको पुनस्थापनाका लागि कानुनी प्रक्रियामा जान अलमल गरिरहेको नेपाली काँग्रेस लगायत विभिन्न दलका प्रतिनिधिसभा सदस्यहरु ढिलै भए पनि सर्वोच्च अदालतमा पुग्नुभएको छ। यतिबेला २७४ सदस्य रहेको प्रतिनिधिसभाका बहुसङ्ख्यक (१४३) सदस्यहरु यस विषयको न्यायिक लडाइँमा हुनुहुन्छ।

प्रतिनिधिसभा विघटन असंवैधानिक रुपमा गरिएका कारण यसको पुनस्थापना हुनु कानुनी हिसाबले त आवश्यक, उचित र अपरिहार्य छँदै छ। वर्तमान जटिल राजनीतिक परिस्थितिमा प्रतिनिधिसभाको पुनस्थापना, सर्वपक्षीय सरकार, बृहद् संवाद, आवश्यकता अनुसार संविधान संशोधन र त्यसपछि निर्वाचन नै राजनीतिक सङ्क्रमणकाललाई व्यवस्थित गर्ने सबैभन्दा सुरक्षित, निरापद र भरपर्दो बाटो हो भन्ने कुरामा पार्टी अविचलित रुपमा दृढ छ।

**६. विश्व परिस्थितिमा देखा परेका पछिल्ला घटनाक्रम सम्बन्धमा**

विश्व राजनीति तरल, पूर्वानुमान गर्नै नसकिने र जोखिमपूर्ण बन्दै गइरहेको छ। नियममा आधारित प्रणाली निष्प्रभावी हुँदै गएको छ, बहुपक्षीयता र अन्तर्राष्ट्रिय व्यवस्था कमजोर हुँदै गइरहेका छन्। संयुक्त राष्ट्र सङ्घको भूमिका तथा त्यसको नेतृत्वमा सञ्चालित सहयोग र पारस्परिक सम्मानका सिद्धान्तहरु कमजोर बनाइएका छन्। शक्ति राष्ट्र प्रतिष्पर्धा अस्वस्थ ढङ्गले बढिरहेको छ।

हाम्रो ध्यान सधैंभरि पञ्चशील, असङ्लग्नता, संयुक्त राष्ट्र सङ्घको बडापत्र, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिका मान्यताहरुको पालना गर्दै सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता र अहस्तक्षेप एवं सह–अस्तित्वलाई प्रवद्र्धन गर्ने कुरामा केन्द्रित रहेको छ।

यिनै मान्यतामाथि उभिएर नेकपा (एमाले) हालै भेनेजुएलामा गरिएको अमेरिकी हस्तक्षेप, राष्ट्रपतिलाई नियन्त्रणामा लिएको घटना र उनलाई अमेरिकामा चलाइएको मुद्दा अन्तरराष्ट्रिय कानुन, संयुक्त राष्ट्र सङ्घको बडापत्र, पञ्चशील र अन्तर्राष्ट्रिय न्याय र उत्तरदायित्वको विपरीत ठहर गर्दछ र यसको विरोध गर्दछ। त्यसै गरी हालै युक्रेनको भौगोलिक अखण्डता विभाजित हुने गरी उसको अनुपस्थितिमा भइरहेका छलफल, ग्रिनल्याण्डलाई नियन्त्रणमा लिने प्रयाश र युद्धविरामका बाबजुद गाजा र वेस्ट ब्याङ्कमा प्यालेस्टिनी जनतामाथि भइरहेको ज्यादतिप्रति आपत्ति प्रकट गर्दछ। बङ्गलादेशमा हिन्दु लगायत अल्पसङ्ख्यक समुदायमाथि भइरहेका निरन्तरका हमलाप्रति गहिरो चिन्ता व्यक्त गर्दै उनीहरुको सुरक्षाको प्रत्याभूतिका लागि ध्यानाकर्षण गर्दछ। म्यान्मारमा शीघ्रातिशीघ्र लोकतन्त्रको बहालीको माग गर्दछ।

**७. सामाजिक सद्भाव र राष्ट्रिय एकताका सम्बन्धमा**

हालै तराई मधेशका विभिन्न स्थानमा उत्पन्न भएको सामाजिक सद्भाव खलबलिने घटनाप्रति नेकपा (एमाले) गम्भीर र चिन्तित छ। बहुलता र विविधता हाम्रा सम्पदा हुन् र बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषता हाम्रो राष्ट्रको पहिचान हो। यसलाई कमजोर गर्ने, खल्बल्याउने र सामाजिक विद्वेष भड्काउने काम कुनै पनि नागरिकले गर्न सक्दैन, गर्नु हुँदैन।

छोटो अवधिमै भदौ २३–२४ मा सिर्जित अकल्पनीय चुनौतीलाई सामना गर्दै हामी पूर्ववत् अवस्थाका नजिक आइपुग्न सफल भएका छौँ। प्रतिगमनको तीव्र श्रृङ्खलामा एक हदसम्म ब्रेक लागे पनि यसलाई निरन्तरता दिन विभिन्न पक्षहरु लागेकै छन्। यो प्रक्रिया अब निर्वाचनका माध्यमबाट प्रकट हुन सक्नेछ। इतिहासले बारम्बार पुष्टि गरेको छ– जतिबेला हामी एकताबद्ध हुँदै अगाडि बढेका छौँ, सबै मोर्चामा हामीले सफलता हासिल गरेका छौँ। पार्टी सबल हुँदो मुलुकको स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितका संरक्षणमा निर्णायक सहयोग पुगेको छ, विकासले तीव्रता पाएको छ। जिम्मेवारीबोधको यो भावनाले हामीलाई हमेशा मार्गदर्शन गर्नुपर्छ। हामी सबै महाधिवेशनबाट भर्खरै निर्वाचित या पुनर्निर्वाचित भएका छौँ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# नगद कारोबारको सीमा पाँच लाख

**काठमाडौँ।**
आगामी माघ १ गतेदेखि नगद कारोबारको सीमा रु पाँच लाख बराबरको हुने भएको छ। नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशनमा सो व्यवस्था गरिएको छ।

रु पाँच लाखभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक वा सम्बन्धित व्यक्तिको खातामा मात्र भुक्तानी गर्नुपर्नेछ । कुनै फर्म, कम्पनी, संस्था वा कार्यालयको नाममा खिचिएका चेकको भुक्तानी समेत एकाउन्टपेयी हुनुपर्ने व्यवस्था गरिएको छ।

प्राथमिकता प्राप्त पूर्वाधार आयोजनाहरु, जलविद्युत्, सडक, सञ्चार जस्ता क्षेत्रका कर्मचारी, श्रमिकको पारिश्रमिक ज्याला भुक्तानी गर्न भने समस्या नपर्ने केन्द्रीय बैंकले प्रष्ट पारेको छ।

यस्तै, विभिन्न आयोजनामा आवश्यक मालसामानको आपूर्ति गर्न, सरकारलाई बुझाउनुपर्ने राजश्व भुक्तानी गर्न, बिगो धरौटी जमानत रकम जम्मा गर्न, पेन्सन क्याम्प मार्फत पेन्सन वितरण गर्न कुनै समस्या हुने छैन। सरकारले वितरण गर्ने राहत अनुदान सहायता वितरण गर्न, विप्रेषण कम्पनी, एजेन्टले विप्रेषण प्राप्त गर्ने व्यक्तिलाई रकम भुक्तानी गर्न पनि केन्द्रीय बैंकको पछिल्लो व्यवस्थाले कुनै वाधा गर्ने छैन । बचत तथा ऋण सहकारी संस्थालाई आफना सदस्यसँगको दैनिक कारोबारको भुक्तानी नगदमा गर्न सकिनेछ।

सरकारले गत मङ्सिर १५ गते नै नगद कारोबारको सीमा रु पाँच लाखमा सीमित गर्ने निर्णय गरेको थियो। अर्थ मन्त्रालयले बिहीबार सोसम्बन्धी व्यवस्थाको सूचना राजपत्रमा प्रकाशित गरेको थियो। रासस

# बालेन-रवि सहयात्राले निर्वाचन सुनिश्चित : शाह

**काठमाडौँ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता तथा पूर्वसांसद् असिम शाह मुलुक निर्वाचनमा केन्द्रित भएको बताएका छन् । लामो समयसम्म निर्वाचनका विषयमा विभिन्न खाले दृष्टिकोण सार्वजनिक भएका बेला पार्टी सभापति रवि लामिछाने र काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र शाहबीचका राजनीतिक सहमतिले मुलुकलाई निर्वाचनतर्फ उन्मुख गराउन सफल भएको उनको भनाइ छ।

मेयर शाह र सभापति लामिछानेको पृष्ठभूमि, स्वभाव, विचार र राजनीतिक यात्रा फरक थियो, तर दुवै जना बैकल्पिक शक्तिका रुपमा उदाएकाले उहाँहरुको बीचको राजनीतिक सहयात्राले मुलुकलाई निर्वाचनमा धकलेको हो भन्ने लाग्छ शाहले भने।

दुवै नेताबीच भएका कैयौँ भेटमा दुवै पक्षको मनस्थिति बुझ्ने, सन्देश आदानप्रदान गर्ने र भेटवार्ताको वातावरण बनाउन आफूलगायतले पहल गरेको उनको भनाइ छ।

उक्त सहमति राजनीतिक गणितका आधारमा मात्र नभइ व्यक्तिगत विश्वास र सम्बन्धले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले बताए।

कतिपयले उक्त सहमति अदृश्य शक्तिका कारण पनि भने, तर त्यहाँ हामी केही साथीहरु मात्रै थियौँ उनले भने, त्यो सहमतिको यात्रा सहज थिएन । सभापति लामिछानेको जेल बसाइँ, अदालती प्रक्रिया, मेयर बालेनको पारिवारिक शोक, धेरै अवरोध आए । अन्ततः दुवैबीच नयाँ राजनीतिक समीकरणको आधार तयार भयो।

उनले यो सहकार्य चुनावी रणनीति मात्रै नभइ दीर्घकालीन राजनीतिक परिवर्तनका लागि भएको बताए । सात/आठ घण्टासम्मको गहिरो संवाद, आपसी समझदारी र देश विकासप्रतिको समान चाहनाका कारण दीर्घकालीन सहकार्यका लागि सहमति जुटेको उनको बुझाइ छ । वैकल्पिक शक्तिहरू छरिएर हैन एकजुट हुनुपर्ने आवश्यकता बोध भएपछि आफूहरुले पहल थालेको शाहले बताए । रास्वपाले जेनजी आन्दोलनपछि बदलिएको राजनीतिक परिस्थितिमा वैकल्पिक शक्तिहरू एक ठाँउमा जुटाउने क्रमलाई जारी राखेको उनको भनाई छ।

छरिएर रहेका वैकल्पिक शक्तिहरु एउटै प्लेटफर्म, एउटै मञ्चमा उभ्याउनु जरुरी थियो, त्यसका लागि उपयुक्त मञ्च रास्वपा नै थियो उनले भने। रासस

# २०.२७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखा मुनि



**काठमाडौँ।**
नेपालमा करिब २० दशमलव २७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखाभन्दा तल रहेको देखिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको गरिबीको लघुक्षेत्र अनुमान–२०२३

प्रतिवेदनअनुसार सहरी क्षेत्रमा १८ दशमलव ३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४ दशमलव ६६ प्रतिशत जनसङ्ख्या गरिबीको रेखाभन्दा मुनि रहेको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले विसं २०५२ देखि नेपाली जनताको जीवनस्तर तथा मौद्रिक गरिबी मापनका लागि विश्व बैंकद्वारा विकास गरिएको जीवनस्तर मापन अध्ययन विधिको अनुसरण गर्दै नेपाल जीवनस्तर सर्वेक्षण सञ्चालन गर्दै आएको छ । आधारभूत लागत विधिको प्रयोग गरी नेपालमा मौद्रिक गरिबी मापन गरिँदै आएको कार्यालयले जनाएको छ।

यसपटक गरिबी मापनका लागि प्रतिव्यक्ति वार्षिक रु ७२ हजार ९०८ को नयाँ गरिबीको रेखा निर्धारण गरिएको छ। यसअघि विसं २०६६/६७ मा गरिबीको रेखा रु १९ हजार २६१ निर्धारण गरिएको थियो। नयाँ गरिबीको रेखाअनुसार प्रतिवर्ष प्रतिव्यक्ति कुल खर्च रु ७२ हजार ९०८ भन्दा कम खर्च गर्ने व्यक्तिलाई गरिबको वर्गमा राखिएको छ।

प्रदेशगत रूपमा हेर्दा सबैभन्दा बढी गरिबीको दर सुदूरपश्चिम प्रदेशमा ३४ दशमलव १६ प्रतिशत रहेको छ भने सबैभन्दा कम गण्डकी प्रदेशमा ११ दशमलव ८८ प्रतिशत छ । कोशी प्रदेशमा १७ दशमलव १९, मधेश प्रदेशमा २२ दशमलव ५३, बागमती प्रदेशमा १२ दशमलव ५९, लुम्बिनी प्रदेशमा २४ दशमलव ३४ र कर्णाली प्रदेशमा २६ दशमलव ६९ प्रतिशत गरिबीको दर रहेको प्रतिवेदनले देखाएको छ।

प्रतिवेदनअनुसार स्थानीय तहस्तरको विश्लेषण गर्दा ३०९ वटा स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसत २० दशमलव २७ प्रतिशतभन्दा कम रहेको छ भने ४४४ वटा स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी छ । स्थानीय तहमा गरिबीको दर न्यूनतम एक दशमलव १८ प्रतिशतदेखि अधिकतम ७७ दशमलव ८९ प्रतिशतसम्म रहेको छ। पालिकास्तरमा हेर्दा सबैभन्दा बढी गरिबीको दर जाजरकोटको जुनीचाँदे गाउँपालिकामा ७७ दशमलव ८९ प्रतिशत रहेको छ भने सबैभन्दा कम अर्थात् एक दशमलव १८ प्रतिशत मुस्ताङको घरपझोङ गाउँपालिकामा रहेको छ।

गरिबीको रेखाभन्दा तल रहेको जनसङ्ख्या सङ्ख्यात्मक रूपमा सबैभन्दा बढी काठमाडौँ महानगरपालिकामा (५९ हजार २१८) रहेको छ । काठमाडौँ महानगरपालिकामा गरिबीको दर ६ दशमलव ८७ प्रतिशत रहेको छ । जिल्ला तहको विश्लेषण गर्दा सबैभन्दा बढी गरिबीको दर सुदूरपश्चिम प्रदेशको अछाम जिल्लामा ४९ दशमलव ५८ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशको कास्की जिल्लामा पाँच दशमलव ६३ प्रतिशत रहेको छ।

जिल्लागत रूपमा हेर्दा ३४ जिल्लाको गरिबीको दर राष्ट्रिय औसतभन्दा कम र ४३ जिल्लाको गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी रहेको प्रतिवेदनमा उल्लेख छ। रासस

# आयल निगम प्रतिस्पर्धी बन्नुपर्नेमा मन्त्रीको जोड



**काठमाडौँ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले संस्थागत विकास र सेवा प्रवाहमा सुधार गर्न नेपाल आयल निगमलाई निर्देशन दिएका छन् । निगमको ५६औँ वार्षिकोत्सवलाई शनिबार सम्बोधन गर्दै उनले निगमलाई सबल र प्रतिस्पर्धी बन्न आग्रह गरे।

पेट्रोलियम पदार्थको आयात, भण्डारण र बिक्रीको एकाधिकारको लाभबाट मात्रै संस्था अघि बढ्न नसक्ने उल्लेख गर्दै मन्त्री सिन्हाले उच्च व्यवासयिकता प्रदर्शनमा निगम सफल हुन सक्नुपर्ने बताए । 'संस्थागत सुशासनलाई मजबुद बनाएर लैजानुपर्छ', उनले भने, 'पारदर्शी, भ्रष्टाचारविरुद्धको शून्य सहनशीलतालाई उच्च प्राथमिकता दिनुपर्छ'।

निगम सञ्चालक समितिका अध्यक्ष एवं वाणिज्य सचिव डा रामप्रसाद घिमिरे समयको मागअनुसारको सेवा प्रवाहमा निगम निपूर्ण हुनुपर्ने बताए।

कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टले मुलुकभर पेट्रोलियम पदार्थको आपूर्ति सुनिश्चित गर्न निगम प्रतिबद्ध रहेको स्पष्ट पारे। रासस

# विशेष महाधिवेशन पक्षधरको कार्यक्रम स्थगन



**काठमाडौँ।**
नेपाली कांग्रेसको विशेष महाधिवेशन पक्षधरले शनिबारको लागि निर्धारित सम्पूर्ण औपचारिक कार्यक्रम स्थगित गरेको छ। पूर्वमन्त्री तथा नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य होमनाथ दाहालको गएराति निधन भएपछि कांग्रेस विशेष महाधिवेशनले शनिबार हुने सबै कार्यक्रम स्थगित गरेको हो।

विशेष महाधिवेशन पक्षधरले शनिबार भृकुटीमण्डपमा ¥याली निकाल्ने तथा अन्य विभिन्न कार्यक्रम आयोजना गरेको थियो । दोस्रो विशेष महाधिवेशन व्यवस्थापन सचिवालयका संयोजक मनोजमणि आचार्यले आज तय भएका सबै कार्यक्रम स्थगित भएको जानकारी दिए । आईतबार पुस २७ गते तय भएका कार्यक्रम भने यथावत रहेको नेता आचार्यले बताए । रासस

# क्यासिनोमा खर्च गर्नेको विवरण राख्नुपर्ने



**काठमाडौँ।**
क्यासिनोमा आउने ग्राहकले रु दुई लाखभन्दा बढी रकम खर्च गरे उनीहरुको विवरण सङ्कलन गरेर राख्नुपर्ने भएको छ। पर्यटन विभागले क्यासिनो व्यवसायीलाई जारी गरेको निर्देशन, २०८२ लाई संशोधन गर्दै उक्त व्यवस्था गरिएको जनाएको छ । क्यासिनोमा हुने कारोबारलाई पारदर्शी र कानुनसम्मत् बनाउने उद्देश्यका साथ उक्त व्यवस्था गरिएको विभागको प्रष्टोक्ति छ।

सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी वितरणका सम्बन्धमा क्यासिनो व्यवसायीलाई जारी गरेको निर्देशन तुरुन्त लागू हुने विभागले उल्लेख गरेको छ।

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४, पर्यटन ऐन, २०३५ (संशोधनसहित) ले दिएको अधिकार प्रयोग गरी विभागले त्यस्तो निर्देशन गरिएको उल्लेख गरेको छ। रासस

# निर्वाचनमैत्री वातावरण बनाउनमा अध्यक्ष ओलीको जोड



**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनबाट आफ्नो पार्टी कहिल्यै नभाग्ने उल्लेख गर्दै निर्वाचनका लागि निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरण सुनिश्चित हुनुपर्नेमा जोड दिएका छन् । सो पार्टीको केन्द्रीय कमिटीको दोस्रो बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले आगामी फागुन २१ गते तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनको वातावरण बनाउन सरकार सफल हुनुपर्नेमा जोड दिए।

अध्यक्ष ओलीले मुलुक निर्वाचनमा जाने विषयमा पार्टी स्पष्ट रहेको उल्लेख गर्दै त्यसका लागि एमाले सधैँ तयारी अवस्थामा रहेको धारणा राखे । केन्द्रीय कमिटी बैठकले सिङ्गो पार्टी पङ्क्तिलाई निर्वाचनका लागि सधैँ तम्तयार रहन र आवश्यक तयारीलाई तीव्रता दिन आह्वान गरेको जानकारी दिए । अध्यक्ष ओलीले नेकपा (एमाले) का तर्फबाट तोकिएकै समयमा समानुपातिक सूची निर्वाचन आयोगमा बुझाइ सकिएको जानकारी दिए । पार्टीमा उम्मेदवार बन्न योग्य, समेट्नुपर्ने र भूमिका खेल्न सक्ने व्यक्तिहरू धेरै भएपनि तोकिएको ११० को सीमा, समावेशी क्लस्टर संरचना र भौगोलिक सन्तुलनका कारण सबै पक्ष पूर्णरूपमा समेट्न कठिन भएको उनले स्वीकार गरे।

अध्यक्ष ओलीले पार्टी नेतृत्वले सिफारिस प्रक्रियाको विश्वसनीयता कायम राख्दै सबै पक्षलाई ध्यानमा राखेर उम्मेदवारको अन्तिम निर्णय गर्ने स्पष्ट पारे । निर्णय भइसकेपछि आकांक्षीहरूसहित सिङ्गो पार्टी पङ्क्ति एकताबद्ध, दृढ सङ्कल्पित र उच्च मनोबलका साथ निर्वाचन अभियानमा होमिनुपर्ने उनको जोड थियो । रासस

# कठिन परिस्थितिमा पनि प्रहरी सुरक्षामा प्रतिबद्ध छः आइजिपी



**काठमाडौँ।**
नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीले कठिन परिस्थिति र ठूलो क्षतिका बाबजुद पनि नेपाल प्रहरी नागरिकको सुरक्षाका लागि निरन्तर खटिएको बताएका छन्। काठमाडौँ उपत्यका ट्राफिक कार्यालयद्वारा आयोजित सवारी दुर्घटना न्यूनीकरण विशेष अभियान तथा ट्राफिक सप्ताह, २०८२ को शुभारम्भ गर्दै आइजिपी कार्कीले गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा नेपाल प्रहरीका विभिन्न कार्यालय तथा भवनमा आगजनी गरिएको, ट्राफिक प्रहरीका संरचना र उपकरणहरूमा ठूलो क्षति पुगेको स्मरण गराए।

आन्दोलनका क्रममा प्रहरीका विभिन्न कार्यालयमा ठूलो क्षति भयो। त्यस कठिन घडीमा पनि प्रहरीका खुट्टामा जुत्ता नहुँदा, शरीरमा लुगा नहुँदा समेत नागरिकको सुरक्षाका लागि सडकमा उभिइरह्यो । हामी अहिले खरानीबाट उठेर पनि नागरिकको सुरक्षा सुनिश्चित गर्न सडकमा छौँ उनले भने। ट्राफिक सप्ताह, २०८२ लाई केवल औपचारिक कार्यक्रमका रूपमा नभइ, नागरिक चेतना अभिवृद्धिको अभियानका रूपमा लिन उनले आग्रह गरे।

उनले नेपालका सवारी चालकदेखि पैदल यात्रुसम्म सबैले सभ्य, शिष्ट र जिम्मेवार नागरिकको व्यवहार देखाउँदै ट्राफिक नियमको पूर्ण पालना गर्ने विश्वास व्यक्त गरे।

ट्राफिक प्रहरीले हात हल्लाएर सडकमा ड्युटी गर्नुपर्ने अवस्था अन्त्य होस्, उनले भने, 'सभ्य नागरिक बनौँ, ट्राफिक नियम पालना गरौँ। यही नै ट्राफिक सप्ताह, २०८२ को मूल उद्देश्य हो'।

आइजिपी कार्कीले कानुनको प्रभावकारी कार्यान्वयनबाट कानुनी शासन स्थापना हुने, कानुनी शासनबाट सुशासन आउने र सुशासनले समृद्ध राष्ट्र निर्माणमा योगदान पुर्याउने उल्लेख गरे । साथै, ट्राफिक सप्ताहको सफलताका लागि आम नागरिकको सक्रिय साथ, सहयोग र सहभागिता अपरिहार्य रहेको बताए।

कार्यक्रममा काठमाडौँ उपत्यका ट्राफिक कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) नवराज अधिकारीले अभियानमाथि प्रकाश पार्दै जेनजी युवाहरूको आन्दोलनका क्रममा ट्राफिक प्रहरी कार्यालयमा भएको क्षतिको स्मरण गर्दै उक्त आगजनीका कारण ट्राफिक प्रहरीका संरचना ध्वस्त भएको, उपकरण नष्ट भएको र कार्यालयमा रहेका नागरिकका महत्वपूर्ण कागजात जलेको बताए।

आम नागरिकको सहयोगमा हामी अहिले पुनर्निर्माणको चरणमा छौँ। भविष्यमा यस्ता ध्वंसात्मक गतिविधि नदोहोरिऊन् भन्ने हाम्रो कामना छ । सबै नागरिकले ट्राफिक नियमको अक्षरस पालना गर्नु हुने छ भन्ने हाम्रो विश्वास छ उनले बताए । उपत्यका प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) ईश्वर कार्कीले सवारी दुर्घटना न्यूनीकरण विशेष अभियान तथा ट्राफिक सप्ताह, २०८२ को सफलताको शुभकामना व्यक्त गरे । उनले काठमाडौँ उपत्यकामा बढ्दो सवारी चाप र दुर्घटनाका घटनालाई न्यूनीकरण गर्न सबै पक्ष प्रहरी, चालक, यात्रु र सर्वसाधारण सजग र जिम्मेवार हुनुपर्ने आवश्यकता औँल्याए।

कार्यक्रममा काठमाडौँ महानगरपालिकाका नगरउपप्रमुख सुनिता डङ्गोलले शिक्षित वर्गलगायत आम नागरिकबाट नै ट्राफिक नियमको उलङ्घन हुने भएकाले उक्त कुरा यही अभियानबाट अन्त गर्नुपर्ने धारणा राखिन् । काठमाडौँका प्रमुख जिल्ला अधिकारी, विभिन्न नगरपालिकाका प्रमुख उपप्रमुखहरु, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका उच्च अधिकारी, कलाकार, सञ्चारकर्मी लगायतका व्यक्तिहरुको सहभागीता रहेको थियो।

उक्त अभियान शनिबारदेखि सुरु भई आउँदो माघ ३ गतेसम्म सञ्चालन हुनेछ । अभियानअन्तर्गत ट्राफिक सचेतना, नियम पालना, सवारी अनुशासन, पैदल यात्री सुरक्षा तथा दुर्घटना न्यूनीकरणसम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। रासस

# रेशमखेती बिस्तारबाट अर्थतन्त्रमा सुधार ल्याउन सकिन्छः मन्त्री परियार




**काठमाडौँ।**
कृषि तथा पशुपन्छीमन्त्री डा मदनप्रसाद परियारले रेशम उद्योगले ग्रामीण आयआर्जन तथा रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान दिने बताएका छन्।

ह्याण्डलुम फ्याब्रिक्स मेकर्स अफ नेपाल र रेशम विकास केन्द्रको संयुक्त आयोजनामा शनिबारआयोजित राष्ट्रिय रेशम सम्मेलनमा उहाँले सीप तथा उद्यम विकासमा युवाको संलग्नता, आयत प्रतिस्थापन, निर्यात प्रवद्र्धन एवं जलवायु अनुकूलित हरित अर्थतन्त्रको प्रवद्र्धनमा पनि रेशमखेतीले योगदान दिनेमा विश्वास व्यक्त गरेका हुन्।

उनले रेशमखेतीले औद्यागिक विकास र विस्तार गर्दै आर्थिक समृद्धिमार्फत राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्न सक्ने प्रचुर सम्भावना रहेको बताए। मन्त्री परियारले रेशम उद्योगको भविष्य तीन तहकै सरकारबीच स्पष्ट भूमिका बाँडफाँट, निजी क्षेत्रसँगको विश्वसनीय साझेदारी, रेशम विकास केन्द्रलगायतका सरोकारवाला संस्थाको सवलीकरण, भरपर्दो समन्वय र सहकार्यमा निर्भर रहेको बताए।

त्यस अवसरमा पूर्वमन्त्री आनन्दप्रसाद पोख्रेलले हावापानीका हिसाबले नेपाल कृषि सङ्ग्रहालयका रुपमा रहेको उल्लेख गर्दै यहाँका उत्पादनलाई पर्यटनसँग जोडेर लैजानु पर्ने धारणा राखे। उनले नेपालको पहिचान बोकेका स्थानीय उत्पादन तथा किम्बु र टिम्मुरजस्ता आय–आर्जनको सम्भावना बोकेका वस्तु प्रवद्र्धनमा सरकारको ध्यान जान जरुरी रहेको बताए।

ह्याण्डलुम फ्याब्रिक्सका अध्यक्ष रोशनकुमार पोखरेलले रेशम कुनै साधारण रेशा मात्र नभइ इतिहास, संस्कृति, जीविकोपार्जन र भविष्यको सम्भावना भएको बताए। उनका अनुसार रेशमले हजारौ वर्षदेखि किसानलाई रोजगारी, सीप र सम्मान, समुदायलाई पहिचान तथा राष्ट्रलाई सौन्दर्य र व्यापार दिएको छ। यो किसानको विषय मात्र नभई सरकार, नीति निर्मातालगायत सरोकारको विषय हो।

कृषि विभागका उपनिर्देशक राजेन्द्र कोइरालाले २५ वर्षअघिसम्म नेपालमा रेशमखेती राम्रो अवस्था रहेको उल्लेख गर्दै त्यसपछि क्रमशः न्यून हुँदै गएको बताए। उनले यसलाई पुनर्जिवित तुल्याउन एक पटक सबैको सहयोगको अपेक्षा गरेको छ। सिल्क एशोसिएन नेपालका अध्यक्ष शङ्कर पाण्डेयले रेशमको माग विश्वबजारमा बढिरहेकाले नेपालमा यसको उत्पादनमा सरकारलाई विशेष चासो लिन सुझाव दिएका छन्। गैरआवासीय नेपाली सङ्घका अध्यक्ष डा बद्री केसीले रेशमले विश्वबजारको ठूलो हिस्सा ओगटेको उल्लेख गर्दै छिमेकी मुलुक भारत र चीनले यस क्षेत्रमा गरेको प्रगतिको नेपालले अनुशरण गर्न आवश्यक रहेको बताए।

रेमश उद्योगलाई रणनीतिक, उच्च मूल्य अभिवृद्धि हुने र दिगो राष्ट्रिय उद्योगका रूपमा पुनःस्थापित गर्न सरकार, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, लगानीकर्ता, गैरआवासीय नेपाली, विकास साझेदार, कृषक, सहकारी, उद्यमी तथा निर्यातकर्तालाई एकै ठाँउमा ल्याएर बहस गर्न सम्मेलन आयोजना गरिएको हो।

सम्मेलनमा 'नेपालमा दिगो रेशमखेतीको आधार स्थापना, नेपालको मूल्य अभिवृद्धि रेशम उत्पादन पारिस्थिति प्रणालीको निर्माण र नेपाल रेशम भिजन २०२६–२०३५ को लागि सक्षम रेशम पारिस्थितिक प्रणालीको निर्माण सम्बन्धमा छलफलको कार्यक्रम छ। करिब २२ हजार हेक्टर क्षेत्रमा किम्बु (मुलबेरी) खेती, रेमश किरापालन, धागो उत्पादन, बुनाइ र वस्त्र निर्माणलाई एकीकृत रूपमा विकास गर्न सके वार्षिक रु पाँच खर्ब बराबरको आर्थिक मूल्य सिर्जना गर्न सकिने सम्भावना रहेको ह्याण्डलुम फ्याब्रिक्सले जनाएको छ।

एकीकृत मूल्य शृङ्खलाको अभाव, नीतिगत प्राथमिकताको कमी, वित्तीय पहुँच र बिमाको अभाव, प्रविधि तथा सीपको कमी, बजार तथा निर्यात संयन्त्रको अभावलगायत कारण रेशम उद्योग सङ्कटमा पर्दै गरेको आयोजनको भनाइ छ।

सम्मेलनमा नेपालको रेशम विकासको १० वर्षे ढाँचा (२०२६–२०३५) को अवलम्बन, 'क्लस्टर'मा आधारित किम्बुखेती र रेशम किरापालन, विशेष वित्तीय, व्यापारिक तथा बिमा संयन्त्र, प्रविधि हस्तान्तरण र सीप विकास, एकीकृत 'नेपाल सिल्क ब्राण्डिङ' र बजार पहुँचलगायत विषयमा छलफल हुने छ। रासस

# खानीमा निस्सासिएर चार मजदुरको मृत्यु

**अफगानिस्तान।**
अफगानिस्तानको उत्तरी बदख्सान प्रान्तको खास जिल्लाको बहुमूल्य र ढुङ्गाको खानीमा शुक्रबार कार्बन मोनोअक्साइड विषाक्तताबाट कम्तीमा चार जना खानी मजदुरको मृत्यु भएको प्रान्तीय प्रहरी प्रवक्ता एहसानुल्लाह कामगरले पुष्टि गरेका छन्। प्रहरीका अनुसार भूमिगत कार्यस्थल भित्र विषाक्त ग्याँस जम्मा भएपछि मजदुरहरूको निसास्यिर मृत्यु भएको थियो। अधिकारीका अनुसार मृतकको शव बरामद गरी परिवारलाई हस्तान्तरण गरिएको छ।

यो घटना प्रान्तमा घातक खानी दुर्घटनाको श्रृङ्खलामा पछिल्लो हो भने सन् २०२५ अक्टोबर मा बदख्सान प्रान्तको अर्को खानीमा एउटा सुरुङ्ग ढल्दा दुई जना सुन खानी मजदुरको ज्यान गएको थियो। अफगानिस्तानमा अनियन्त्रित खानी उत्खनन अभ्यासहरू, अपर्याप्त सुरक्षा उपकरणहरू, र देशको बहुमूल्य भूमिगत स्रोतहरूको निकासीमा असक्षम श्रमको प्रयोगलाई यस्ता बारम्बार हुने मृत्युको श्रेय दिइन्छ। रासस

# दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या १४ पुग्यो

**शिमला।**
उत्तरी भारतीय राज्य हिमाचल प्रदेशमा भएको सडक दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या बढेर १४ पुगेको अधिकारीहरूले बताएका छन्। अधिकारीहरुका अनुसार दुर्घटनामा ४० जना यात्रु घाइते भई उपचारका लागि विभिन्न अस्पतालमा भर्ना भएका छन् भने घाइते भएका मध्ये केहीको अवस्थामा गम्भीर छ।

हिमाचल प्रदेशको राजधानी शिमलाबाट करिब १४२ किलोमिटर दक्षिणपूर्वमा सिरमौर जिल्लाको हरिपुरधार गाउँमा शुक्रबार एयटा यात्रु बहाक बस सडकबाट चिप्लीएर ५०० मिटर गहिरो घाटीमा खसी दुर्घटनाग्रस्त भएको जनाइएको छ। अहिलेसम्म १४ जनाको मृत्यु भएको पुष्टि गर्दै धेरै व्यक्तिहरू अस्पतालमा अझै गम्भीर अवस्थामा रहेको स्थानीय सरकारका मन्त्री जगत सिंह नेगीले बताएका छन्।

अधिकारीहरूका अनुसार बसमा ६६ जना यात्रुहरु सवार थिए भने बस सोलनबाट हरिपुरधार जाँदै गर्दा दुर्घटना भएको थियो।

दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धान भइरहेको भारतको अल इन्डिया रेडियोले जनाएको छ। रासस

# इन्डो-नेपाल टी-२० क्रिक्रेट च्याम्पियनसिप हुने

**भद्रपुर।**
भद्रपुर क्रिक्रेट क्लबको आयोजनामा मेची रङ्गशालाको नवनिर्मित मैदानमा आगामी माघ २१ देखि २८ गतेसम्म 'कोशी पाथिभरा इन्डो नेपाल टी–२० च्याम्पियनसिप कप क्रिक्रेट प्रतियोगिता' हुने भएको छ। नेपालका चार र भारतका चार टोलीको सहभागिता रहने उक्त प्रतियोगिताका बिजेताले रु पाँच लाख र उपबिजेताले रु तीन लाख नगद पुरस्कार पाउने आयोजक समितिका संयोजक मनोज सुब्बाले बताए।

प्रतियोगितामा भाग लिन भारतबाट राइनोल्यान्ड क्रिकेट एकेडेमी गुवाहाटी, ग्लोबल स्टार क्रिकेट क्लब लखनउ, क्रिकेट कोचिङ एकेडेमी न्यु दिल्ली र स्नो लायन टिम सिक्किम रहेको उनले जानकारी दिए। यसैगरी नेपाली टोलीहरू भद्रपुर क्रिकेट क्लब, विराटनगर किङ्ग्स डेभलपमेन्ट स्क्वाड, पोखरा एभेन्जर्स गण्डकी हिरोज डेभलपमेन्ट स्क्वाड र काठमाडौँ गोर्खाज डेभलपमेन्ट स्क्वाड रहेका छन्।

भारतबाट सहभागी टोलीमा रञ्जित ट्रफी खेलिरहेका खेलाडीहरू र नेपाली क्लबबाट एनपीएल खेलिसकेका खेलाडीहरू मैदानमा उत्रिने उनको भनाइ छ। भद्रपुर नगरपालिका–८ स्थित मेची बहुमुखी क्याम्पसको खेल मैदान लिजमा लिएर भद्रपुर क्रिक्रेट क्लवले तीन वर्षको अवधिमा शानदार क्रिक्रेट मैदान निर्माण गरिसकेको छ। प्रतियोगिता त्यही मैदानमा हुने भएको छ।

खेलबाट मुलुकको पर्यटन क्षेत्रमा योगदान पुग्ने भएकाले आयोजकले कोशी र पाथिभरासमेत जोडेर प्रतियोगिताको नामकरण गरेका छन्। झापा क्रिक्रेट सङ्घका अध्यक्ष प्रवीण थापाले क्रिक्रेटका माध्यमबाट नेपालको पहिचान र प्रतिष्ठा विश्व मञ्चहरूमा उच्च भइरहेको धारणा व्यक्त गर्दै भद्रपुरमा आयोजना हुन लागेको क्रिक्रेट प्रतियोगिताले खेलाडी उत्पादनमा ठूलो योगदान पुर्याउने बताए।

प्रतियोगितामा रु एक करोड २२ लाख खर्च हुने र क्रिक्रेट मैदानको दर्शक क्षमता १० हजार रहेको संयोजक सुब्बाले जानकारी दिए। रासस

# अलेप्पोलाई नियन्त्रणमा लिएको दावी




**सिरिया।**
सिरियाको सेनाले शनिबार अलेप्पोको एक छिमेकमा कुर्द सेनासँग भिडन्त भएको र आत्मसमर्पण गर्ने आह्वानलाई बेवास्ता गरेपनि उसले यस क्षेत्रमा नियन्त्रण गुमाएको बताएको छ। युद्धविरामको क्रममा कुर्द लडाकुहरूलाई फिर्ता हुन समयसीमा सकिएपछि सरकारी सेनाले शेख मकसुद जिल्लामा एकाएक आक्रमण सुरु गरेको थियो।

अलेप्पोमा एएफपीका संवाददाताहरूले यस क्षेत्रमा गोली चलेको र यो बिहानसम्म जारी रहेको र शहरको अन्तिम जिल्ला अझै पनि कुर्दहरूको हातमा रहेको बताएका छन्। सेनाले शनिबार 'शेख मकसूद र छिमेकको सुरक्षा कारबाही पूर्णरूपमा पूरा भएको' घोषणा गरेको छ। सेनाले उक्त षेत्रमा कुर्द सेनाको निरन्तर उपस्थितिका कारण बासिन्दाहरूलाई उनीहरूको घरमा बस्न आग्रह गरेको छ।

एसडीएफको कुर्द नेतृत्वको 'सिरियन डेमोक्रेटिक फोर्सेज' लाई सङ्केत गर्दै एक सैन्य स्रोतले यसअघि समाचार संस्था सानासँग भनेको छ, कारबाहीका क्रममा कैयौँ कुर्द लडाकू पक्राउ गरिएको थियो। कुर्दिस सेनाले शेख मक्सुदको विशाल बहुमतलाई सरकारले नियन्त्रण गरेको दाबी 'गलत र भ्रामक' भएको बताएको छ। उनीहरूले 'सरकार समर्थक लडाकूहरू' सँग सडकमा झडपहरू भएको तोपखानाद्वारा गरिएको आक्रमण 'आतंक फैलाउने उद्देश्यले सिरियाली नागरिकको अल्पसङ्ख्यक समुदायप्रतिको आपराधिक घटना' भएको बताए।

रक्षा मन्त्रालयले जारी गरेको वक्तव्यमा सिरियाली सेनाले 'सशस्त्र समूह'लाई तत्काल आफू र आफ्ना हतियार आत्मसमर्पण गर्न आग्रह गरेको छ। सिरियाको दोस्रो ठूलो शहरमा कुर्दहरूको वास्तविक स्वायत्त प्रशासन र सेनालाई देशको नयाँ सरकारमा एकीकृत गर्ने प्रयास रोकिएपछि हिंसा भड्किएको थियो। मङ्गलबारदेखि सुरु भएको लडाइँमा दुबै पक्षतर्फ कम्तिमा २१ जनाको मृत्यु भएको छ र दशौँ हजार अलेप्पोबाट भागेका छन्।

सिरियाको नयाँ इस्लामिक अधिकारीहरूले सत्ता हातमा लिएपछिको सबैभन्दा तीव्र झडपले सन् २०२४ डिसेम्बरमा लामो समयदेखि शासक बशर अल–असदलाई अपदस्थ गरेपछि देश पुनः एकताको लागि संघर्ष गरिरहेको बेला अर्को चुनौती थपेको छ। दुवै पक्षले अलेप्पोमा हिंसा सुरु गर्नुमा एक अर्कालाई दोष दिएका छन्। सिरियाली अधिकारीहरूले शुक्रबार बिहान कुर्द लडाकुहरूलाई अलेप्पो छोड्न अनुमति दिने घोषणा गरे, तर उनीहरूले अस्वीकार गरेका छन्।

जवाफमा, सिरियाको सेनाले शेख मकसूदमा सैन्य लक्ष्यहरूमा फेरि आक्रमण गर्ने चेतावनी दिएको छ र सुरक्षा बलले जिल्ला कब्जा गर्नु अघि नागरिकहरूलाई बाहिर निस्कन आग्रह गरेको छ। एएफपीका एक संवाददाताले त्यहाँका बासिन्दाहरू सामान लिएर भागेको देखिएको जनाएका छन्।

कुर्द सेनाले सरकारले तोपखाना र ड्रोन आक्रमणको प्रयोग गरी आक्रमण गरेपछि सामाजिक सञ्जालमा 'उग्र र निरन्तर विरोधको क्रम' बढेको दाबी गरेको छ। कुर्द लडाकुहरूले तीन सैनिकको हत्या गरेको सेनाले बताएको छ भने सरकारी टेलिभिजनले उनीहरूलाई अलेप्पोको आवासीय क्षेत्रमा ड्रोन प्रहार गरिएको बताएको छ। अलेप्पो विमानस्थलमा स्थगित उडान सेवा शनिबार अबेरसम्मका लागि लम्ब्याइएको छ।

एसडीएफले सिरियाको तेलको धनी क्षेत्र उत्तर र उत्तरपूर्वमा नियन्त्रण गरेको छ र सन् २०१९ मा इस्लामिक स्टेट समूहको पराजयमा यसले महत्वपूर्ण भूमिका खेलेको थियो। तर छिमेकी सिरियाका नयाँ नेताहरूको नजिकको सहयोगी टर्कीले यसको मुख्य घटकलाई गत वर्ष अंकाराविरुद्धको चार दशकको सशस्त्र संघर्ष अन्त्य गर्न सहमति जनाएका कुर्दिस्तान वर्कर्स पार्टी (पीकेके) को विस्तारको रूपमा हेर्छ।

टर्कीले कुर्द सेनालाई सीमाबाट धकेल्न लगातार आक्रमण सुरु गरेको छ। सिरियाको उत्तरपूर्वमा कुर्द प्रशासनका एक वरिष्ठ अधिकारी एल्हाम अहमदले सिरियाली अधिकारीहरूले कुर्द जिल्लाहरूमा आक्रमण गरेर 'युद्धको बाटो रोजेको' र 'यस पहिले भएका सम्झौताहरू अन्त्य गर्न खोजेको' आरोप लगाए। रासस

# सुडानमा गम्भीर खाद्य असुरक्षा : संयुक्त राष्ट्रसङ्घ



**काठमाडौँ।**
मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय (ओसिएचए) का प्रवक्ता जेन्स लार्केले जनवरी–९ मा सुडानमा द्वन्द्व सुरु भएको एक हजार दिन बितिसकेको चेतावनी दिँदै हाल दुई करोड १० लाख भन्दा बढी मानिसहरूले तीव्र खाद्य असुरक्षाको सामना गरिरहेको जनाएको छ।

पत्रकारहरुसँगको नियमित साक्षातकारमा बोल्दै लार्केले सुडानमा करिब तीन करोड ४० लाख मानिसहरूलाई अहिले मानवीय सहायताको आवश्यकता रहेको उल्लेख गर्दै सुडानको सम्पूर्ण क्षेत्रमा सङ्कट फैलिएको जनाएको छ। उनले सुडानले विश्वको सबैभन्दा ठुलो विस्थापन सङ्कटको सामना गरिरहेको कुरामा जोड दिदै ९३ लाख मानिस देशभित्रै विस्थापित भएको र ४३ लाख भन्दा बढी सीमापार भागेको बताएको छ।

ओसिएइचएका अनुसार एल फासेर र काडुगलीमा अनिकालको पुष्टि भएको छ र कम्तिमा २० अन्य क्षेत्रहरू जोखिममा छन्। हाल देशभरि दुई करोड १० लाखभन्दा बढी मानिसहरू तीव्र रूपमा खाद्य असुरक्षामा रहेको अनुमान गरिएको लेर्केले उल्लेख गरेको छ। महिला तथा बालबालीकाले सबैभन्दा ठुलो बोझ झेलिरहेको बताउदै। महिला–नेतृत्व भएका परिवारहरूले खानाको लागि पर्याप्त नभएको उल्लेख गर्दै भोकमरी बढ्दै गइरहेको उल्लेख गरेको छ।

लार्केले संयुक्त राष्ट्रले स्थायी शान्तिका साथै अन्तर्राष्ट्रिय मानवीय कानूनको कडा पालनाका लागि वास्तविक कदम चाल्न आग्रह गरिरहेको बताएका छन्। रासस

# जापानी प्रम मध्यावधि निर्वाचनको तयारीमा



**जापान।**
जापानका प्रधानमन्त्री साने ताकाइचीले जापान सरकारप्रति जनसमर्थन बढाउन आगामी साताहरूमा आम निर्वाचन गराउने विचार गरिरहेको शनिबार केही जापानी सञ्चारमाध्यमले आफ्नो समाचारमा जनाएको छ। गत अक्टोबरमा जापानको पहिलो महिला प्रधानमन्त्रीमा नियुक्त भएकी ताकाइचीको मन्त्रिपरिषद्ले करिब ७० प्रतिशत अनुमोदन प्राप्त गरेको छ। उनीको सत्तारूढ समूहसँग संसद्को शक्तिशाली तल्लो सदनमा झिनो बहुमत मात्र छ, जसले उहाँको महत्वाकाङ्क्षी नीति र एजेन्डालाई अगाडि बढाउने क्षमतामा बाधा पुर्याएको छ। योमिउरी र माइनिची दैनिक पत्रिकाले नाम नखुलाइएका सरकारी स्रोतलाई उद्धृत गर्दै लेखेको छ, उनले जनवरी २३ मा संसदको सत्रको सुरुमा तल्लो सदन विघटन गर्ने विचार गरिरहेको छ। यसको अर्थ निर्वाचन फेब्रुअरीको सुरूदेखि मध्यसम्म हुने सम्भावना रहेको योमिउरीले जनाएको छ।

ताकाइचीको प्रशासनका केही व्यक्तिहरूले 'आफ्नो जग बलियो बनाउनका लागि समर्थन दर उच्च रहेको बेला संसद् चाँडै विघटन गर्न अघि बढ्नु पर्छ भन्ने धारणा राख्छन्, माइनिचीले लेखेको छ।' ताकाइची सुरुमा अल्पमतको सरकारको प्रमुखको रूपमा जापानको पाँचौ प्रधानमन्त्री बनेको थियो। उनको लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी) र यसको गठबन्धन साझेदार जापान इनोभेसन पार्टीले नोभेम्बरमा तीन सांसदहरू एलडिपीमा सामेल भएपछि आफ्नो तल्लो सदनको बहुमत पुनः प्राप्त गरेका छन्।

माथिल्लो सदनमा सत्तारूढ समूह अल्पमतमा छ। प्रधानमन्त्री ताकाइचीलाई भारी बहुमतले आफुलाई अधिक 'सक्रिय' वित्तीय खर्च र बलियो खुफिया क्षमताको एजेन्डा कार्यान्वयन गर्न मद्दत गर्नेछ योमिउरीले लेखेको छ। पत्रिकाका अनुसार यसले ताकाइचीलाई चीनसँगको विवादमा गतिरोध तोड्न पनि मद्दत गर्न सक्छ। ताकाइचीले नोभेम्बरमा चीनले ताइवानमा आक्रमण गरेमा जापानले सैन्य हस्तक्षेप गर्न सक्ने सुझाव दिएपछि सम्बन्ध बिग्रिएको छ।

बेइजिङले सम्भावित सैन्य क्षेत्रमा प्रयोग हुने र 'दोहोरो प्रयोग' हुने सामानहरूको जापानमा निर्यातमा व्यापक प्रतिबन्ध लगाउने घोषणा गरेको छ र कथित रूपमा इलेक्ट्रिक कारदेखि मिसाइलसम्म सबै चीजहरू बनाउनको लागि महत्त्वपूर्ण दुर्लभ खनिज उत्पादनहरूको निर्यातलाई रोकिरहेको छ। गत महिना ताकाइचीले समस्या फुकाउनका लागि आफू चीनसँग वार्ताका लागि 'सधैं खुला' रहेको बताउनुभएको थियो। रासस

# कम्पनीको कागजात दुरूपयोग गर्ने उप्रेती पक्राउ

**काठमाडौँ ।**
कम्पनीको कागजात दुरूपयोग गरी ‘ई सेवा’मार्फत करोडौँ रकम कारोबार गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौँ कीर्तिपुर नगरपालिका–७ का १९ वर्षीय क्रमिक उप्रेती रहेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

उनका अनुसार अनाधिकृत व्यक्तिले वाइड–स्पेस इन्टरनेशनल प्राइभेट लिमिटेडका नाममा आन्तरिक राजस्व विभागबाट जारी भएको स्थायी लेखा नम्बर (प्यान) लगायतका कागजातहरूको दुरूपयोग गरी ई सेवा ‘मर्चेन्ट वालेट’ र ई सेवा ‘वालेट’ खोली गैरकानुनी रूपमा आर्थिक कारोबार गरेको भन्ने बेहोराको उजुरीका आधारमा पक्राउ गरिएको हो ।

यसैगरी उक्त उजुरीउपर प्रारम्भिक अनुसन्धान गर्दा ई सेवा मर्चेन्ट आइडी २२२२०२००१८२१७५२७ बाट रु ५६ लाख ३३ हजार ६०३ दशमलव ७६ र ई सेवा वालेटबाट रु ५६ लाख ३१ हजार ६०३ दशमलव ७६ बराबरको कारोबार गरेको खुल्न आएको प्रहरीले जनाएको छ । उनले सट्टेबाजी लगायतका प्रयोजनका लागि रु एक करोड १२ लाखभन्दा बढीको अवैध कारोबार गरेको प्रहरीको भनाइ छ ।

प्रहरीले निजको साथबाट ल्यापटप एक थान, विभिन्न मोडेलका मोबाइल दुई थान, एनसेल सिमकार्ड १६ थान, नमस्ते सिमकार्ड तीन थान, स्मार्ट सिमकार्ड एक थान, पेन ड्राइभ एक थान तथा मेमोरी कार्ड एक थान बरामद गरिएको जनाएको छ । पक्राउ परेका उप्रेतीलाई बैंकिङ कसुर र सट्टेबाजीजन्य कसुरमा आवश्यक अनुसन्धान एवं कारबाहीको लागि जिल्ला प्रहरी परिसर भद्रकालीमा पठाइएको प्रवक्ता आचार्यले बताए । रासस

# पत्रकार महासङ्घका पूर्वसभापति दाहालको निधन



**काठमाडौँ ।**
नेपालको प्रजातान्त्रिक आन्दोलनका योद्धा तथा नेपाल पत्रकार महासङ्घका पूर्वसभापति होमनाथ दाहालको निधन भएको छ ।

केही समयदेखि घुँडासम्बन्धी समस्याबाट अस्वस्थ भई मैतीदेवीस्थित आफ्नै घरमै उपचारमा रहेका ८४ वर्षीय पूर्वकृषि, सहकारी तथा गरिबी निवारणमन्त्री दाहाललाई हृदयाघात भएपछि उपचारका क्रममा वीरअस्पतालमा निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

ओखलढुङ्गा जिल्लाको तत्कालीन बरुणेश्वर गाउँपालिकामा जन्मेका दाहाल नेपाली कांग्रेसको मुखपत्र राष्ट्रपुकार साप्ताहिकको सम्पादक थिए । उनले नेपाली कांग्रेस ओखलढुङ्गा जिल्ला सदस्य तथा तत्कालीन नेपाली कांग्रेस (प्रजातान्त्रिक) का केन्द्रीय सदस्यसमेत भएर जिम्मेवारी सम्हालेका थिए । उनका पार्थिव शरीर शनिबार पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको छ । उनका श्रीमती, दुई छोरा रहेका छन् । रासस

# जोखिमपूर्ण घरमा व्यापार रोक्न प्रशासनको निर्देशन

**हेटौडा ।**
सडक विस्तारका लागि सडक डिभिजन कार्यालय हेटौँडाले भत्काएको घरहरूमा जोखिमपूर्ण रूपमा व्यापार व्यवसायी सञ्चालन भइरहेको छ । यही मङ्सिर २० गते सडक विस्तारका लागि पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौँडाको रातमाटेदेखि बुद्धचोक हुँदै राप्ती खोला पुलसम्मका मुख्य सडकको दायाँबायाँ सडक सीमा क्षेत्रभित्र पर्ने घरहरू सडक डिभिजन कार्यालय भत्काएको थियो ।



सर्वोच्च अदालतको आदेशका कारण हाल सडक विस्तारको कार्य रोकिएपछि भत्काइएका संरचनाहरू व्यवस्थापन गर्ने क्रममा कतिपय व्यवसायीहरूले जोखिमपूर्ण घरमै व्यापार गरिरहेका छन् । जसका कारण कुनै पनि बेला ठूलो मानवीय क्षति हुन सक्ने स्थानीय कैलाश थापाले बताए । सडक डिभिजन कार्यालयले भत्काएर भग्नावशेष अवस्थामा छाडेका घरबाटै व्यापारीहरूले पसल चलाइरहेका छन् । जसका कारण कुनै पनि बेला घर भत्किएर ठूलो जनधनको क्षति हुनसक्छ । भत्किएका घरमा पसल सञ्चालनमा तत्काल रोक लगाउनुपर्ने उनको भनाइ छ ।

सडक विस्तारका लागि घरलाई भग्नावशेष बनाएर छाडेपछि आफूहरू अन्योलमा बताउँदै स्थानीय व्यापारी रोशन श्रेष्ठले कुनै विकल्प नभएकाले तत्कालका लागि ‘स्टक’मा रहेको सामानहरू मात्र बिक्री गरिरहेको बताए । नयाँ सामानहरू बाहिरबाट मगाएको छैन । स्टकमा रहेका सामान त बिक्री गर्नै पर्यो, फ्याल्नुभएन ? त्यसैले ‘स्टक’को सामान जोखिम उठाएरै भएपनि बिक्री गरिरहेको छु । बाँकी रहेका सामान बिक्री भएपछि पसल बन्द गर्ने कि, अन्यत्र सार्ने भने सोचिरहेको छु उनको भनाइ छ ।

सर्वोच्च अदालतमा सडक विस्तारसम्बन्धी मुद्दा विचाराधीन अवस्थामा रहेकाले सडक विस्तारको काम अघि बढाउन नसकिएको सडक डिभिजन कार्यालय हेटौँडाका सूचना अधिकारी यादव सुवेदीले बताए । भत्किएका घरमा व्यापार पसल नगर्न व्यापारीहरूलाई आग्रह गरेपनि कतिपय व्यापारीहरूले जोखिमपूर्ण रूपमै व्यापार व्यवसायी सञ्चालन गरिरहेको उनको भनाइ छ ।

यसैबीच जिल्ला प्रशासन कार्यालय मकवानपुरले सडक विस्तारका लागि भत्काइएका जोखिमपूर्ण घरहरूमा व्यापार व्यवसाय गर्न रोक लगाएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले सूचना जारी गर्दै हेटौँडा उपमहानगरपालिका अन्तर्गत सडक विस्तारका क्रममा भत्काइएका र जोखिमपूर्ण अवस्थामा रहेका घरटहरामा व्यापार व्यवसाय सञ्चालन नगर्न निर्देशन दिएको हो ।

जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीद्वारा जारी सूचनामा भनिएको छ, ‘भत्किएका तथा जोखिमपूर्ण संरचनाभित्र कुनै पनि किसिमको व्यापार व्यवसाय सञ्चालन नगर्न र नगराउनु हुन अनुरोध छ ।’ यदि कसैले चेतावनीको बेवास्ता गरी व्यवसाय सञ्चालन गरेमा र त्यसबाट कुनै पनि किसिमको विपद्जन्य घटना वा दुर्घटना घटेमा त्यसको पूर्ण जिम्मेवार घरधनी र सम्बन्धित व्यवसायी स्वयं हुने प्रशासनको सूचनामा उल्लेख छ । साथै, संरचना व्यवस्थापनका क्रममा कामदारहरूको सुरक्षालाई उच्च प्राथमिकता दिनसमेत सम्बन्धित सबैमा आग्रह गरिएको छ । रासस

# डा श्रेष्ठको एकल कला प्रदर्शन

**काठमाडौँ ।**
वरिष्ठ आँखारोग विशेषज्ञ डा सविना श्रेष्ठ ‘विजुच्छे’ को एकल कला प्रदर्शन सुरु भएको छ । डा श्रेष्ठले आफ्नो प्राध्यापन र चिकित्सा पेसाका अलावा विगत एक दशकदेखि सिर्जना गरेका १२५ कलालाई नेपाल कला परिषद् बबरमहलमा प्रदर्शनी गरिएको हो । उक्त प्रदर्शनीको वरिष्ठ चित्रकार हरिप्रसाद शर्माले शुभारम्भ गरेका थिए ।



वरिष्ठ चित्रकार शर्माले डा श्रेष्ठले कलामार्फत देश र समाजलाई नयाँ सिर्जना दिएको बताए । कलाका माध्यमबाट मुलुकलाई समृद्ध बनाउन सकिने उनको भनाइ थियो । नेपाली कलाको विकास, उन्नति र प्रचारका क्षेत्रमा नेपाल कला परिषद्ले खेलेको भूमिका सराहनीय भएको बताए । वरिष्ठ कलाकार के।के कर्माचार्यले कला क्षेत्रको विकासमा डा श्रेष्ठको कलाले नयाँ इँटा थपेको बताए । आफ्ना अनुभूति र आफूलाई मनमा लागेको कुरालाई प्रस्तुत गर्ने माध्याम कला भएको उनको भनाइ थियो । नेपाल ललितकला क्याम्पसका पूर्वक्याम्पस प्रमुख गोविन्द डङ्गोलले कलामा पनि उज्ज्वल भविष्य भएकाले यसलाई निरन्तरता दिन आग्रह गरे ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालबाट आँखा विषयमा विशेषज्ञता हासिल गरेकी डा श्रेष्ठ नेपाल आँखा अस्पताल त्रिपुरेश्वरको नेत्र विशेषज्ञ तथा मेडिकल निर्देशक समेत थिइन् । भारतबाट बाल आँखा रोगमा थप अध्ययन गरेकी डा श्रेष्ठ हाल काठमाडौँ मेडिकल कलेजमा प्राध्यापकको रुपमा कार्यरत छिन् । उनी यसअघि विस २०७८ मा ‘भाइब्रेसन’ शीर्षकमा एकल कला प्रदर्शन गरेकी थिइन् भने अहिले ‘अन्तरमनको प्रस्फुटन’ शीर्षकमा कला प्रदर्शन गरेकी हुन् । डा श्रेष्ठका तीन वटा कविता सङ्ग्रह र जीवनमा आधारित पुस्तक ‘एउटा जीवन छामेर हेर्दा प्रकाशित भइसकेको छ ।

डा श्रेष्ठले आफ्ना श्रीमान् डा विनोद विजुक्छे र छोरा आरभ विजुक्छेको साथ र सहयोगले आफू कला क्षेत्रमा लाग्ने अवसर प्राप्त गरेको बताइन् । पाँच दिनसम्म चल्ने कला प्रदर्शनीमा १२५ कला प्रदर्शनका लागि राखिएका छन् । रासस

# थारु बस्तीमा बढ्यो माघीको चहलपहल

**कञ्चनपुर ।**
थारु समुदायको नयाँ वर्ष तथा सबैभन्दा ठूलो सांस्कृतिक पर्व माघी नजिकिँदै गर्दा कञ्चनपुरका बस्तीहरूमा चहलपहल निकै बढेको छ । माघीको आगमनसँगै थारु गाउँहरूमा बिहानदेखि साँझसम्म पुरुष र महिला दुवैको व्यस्तता बढेको छ । कसैले दाउरा जोहो गरिरहेका छन् भने कसैले वनबाट साल र मालुका पात सङ्कलन गरिरहेका छन् । महिलाहरू घरआँगनमा बसेर पातका दुना–टपरी बनाउन व्यस्त छन् ।

‘माघीमा पाहुनालाई दुना–टपरीमै खाना पस्किने चलन छ’, कृष्णपुर नगरपालिका–२, वाणिका दुर्गा चौधरीले भने, ‘यसले थारु समुदायको प्रकृतिसँगको आत्मीय सम्बन्ध झल्काउँछ ।’ उनका अनुसार थारु समुदायका मौलिक परिकारहरू माघी पर्वको केन्द्रमा रहन्छन्, ती परिकारहरूलाई घरकै महिलाहरूले पात गाँसेर बनाएका दुनाटपरीमा दिने चलन छ । माघीमा अनिवार्य मानिने ‘ढिक्री’, ‘अनदीको भात’, ‘सुँगुरको मासु’ र ‘जाँड’ बनाउने तयारी अहिले अन्तिम चरणमा पुगेको उनले बताए ।

‘माघीका लागि महिलाहरू घरघरमा अनदी चामल भिजाउने, पकाउने र जाँड राख्ने काममा व्यस्त छन्’, शुक्लाफाँटा नगरपालिका–२ का पूर्व बरघर भरतबहादुर चौधरीले भने, घरका पुरुषहरू सुँगुरको जोहोमा लागेका छौँ । उनका अनुसार केही महिला र पुरुषहरू नदी, खोला, तालतलैया र पोखरीमा माछा मार्ने कार्यमा समेत संलग्न छन् । बालबालिकादेखि वृद्धसम्मको सहभागितामा हुने यी तयारीले गाउँमा सामूहिकताको भावना बलियो बनाउने उनको भनाइ छ ।

साँझ पर्न नपाउँदै गाउँका चोक र खुला आँगनमा मादलको ताल सुनिन थालिसकेको छ । ‘मघौटा नृत्यको अभ्यासले गाउँको वातावरण झन जीवन्त बनेको छ’, शुक्लाफाँटा नगरपालिका–७ का कालुराम डगौराको अनुसार युवायुवतीहरू माघीमा देखाउने नृत्यको अभ्यासमा जुटेका छन् भने ज्येष्ठ नागरिकहरू पुराना माघीका कथा र अनुभव सुनाउँदै बसिरहेका देखिन्छन् ।

माघी पर्वमा विवाहित चेलीबेटीहरूलाई माइती बोलाउने चलन रहेकाले उनीहरूलाई निम्ता दिन थालिएको छ । पर्वको स्वागतमा थारु बस्तीका कच्ची घरहरू लिपपोत गरेर चिटिक्क पारिएका छन् भने पक्की घरहरू रङरोगन गरिएका छन् । आँगन सफा गरिएको छ, गोठघर मर्मत गरिएको छ । गाउँका साझास्थल, मन्दिर र बाटोघाटोमा सामूहिक सरसफाइ अभियान चलाइएको शुक्लाफाँटा नगरपालिका–३ का बरघर राजु चौधरीले जानकारी दिए ।

कञ्चनपुरका शुक्लाफाँटा, बेदकोट, कृष्णपुर र बेलौरी नगरपालिकाका थारु बहुल क्षेत्रहरूमा माघी विशेष सांस्कृतिक कार्यक्रम तथा महोत्सवको तयारी पनि तीव्र गतिमा भइरहेको छ । ‘माघी पर्वलाई शत्रुता भुलेर मित्रता गाँस्ने पर्वका रूपमा लिइने गरिन्छ । पुराना मनमुटाव माघीमा टुङ्ग्याउने, आपसी सम्बन्ध सुधार्ने र नयाँ वर्षलाई सकारात्मक सोचका साथ सुरु गर्ने परम्परा थारु समाजमा गहिरो छ’, जोनापुर गाउँका बडघर सुरेश चौधरीले भने ।

उनका अनुसार अनुसार माघी केवल खानपान र रमाइलोमा सीमित पर्व होइन, यो थारु समुदायको पहिचान, संस्कृति र सामाजिक एकताको प्रतीकका रूपमा रहेको छ । माघीको सबैभन्दा महत्वपूर्ण पक्षमध्ये गाउँको नयाँ नेतृत्व चयन हो । माघीकै अवसरमा बस्ने गाउँसभा ‘देवानी’ मा वर्षभरको आय–व्ययको समीक्षा गरिनुका साथै आगामी वर्षका लागि नयाँ भल्मन्सा (गाउँ प्रमुख), बरघर, चौकीदार र गुरुवाको चयन गरिन्छ । रासस

# साढे नौ हजार बढी म्यादी प्रहरीको माग



**सुर्खेत ।**
आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कर्णाली प्रदेशमा नौ हजार ७४३ निर्वाचन (म्यादी) प्रहरीको माग गरिएको छ । प्रदेशका दश जिल्लामा रहेका बाह्र निर्वाचन क्षेत्रका लागि नौ हजार ७४३ प्रहरीको माग भएसँगै दरखास्त आह्वान गरिएको प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक माधवप्रसाद श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार निर्वाचन प्रहरीको माग दश जिल्लामध्ये सबैभन्दा बढी सुर्खेत र सबैभन्दा कम हुम्लामा गरिएको छ । सुर्खेतमा एक हजार ६२८, दैलेखमा एक हजार ३७८, सल्यानमा एक हजार ३१०, कालीकोटमा एक हजार १०२, जाजरकोटमा ८८६, जुम्लामा ८७८, मुगुमा ५८०, डोल्पामा ५७९ र हुम्लामा ५४९ निर्वाचन प्रहरी माग गरिएको प्रहरी नायब महानिरीक्षक श्रेष्ठले बताए । निर्वाचन प्रहरीको दरखास्त दिन पुस २५ गते शुक्रबारदेखि माघ १ गतेसम्म सार्वजनिक बिदाको दिन भएपनि सम्बन्धित जिल्लाका जिल्ला प्रहरी कार्यालयमा दरखास्त बुझाउने प्रबन्ध मिलाइएको उनले जानकारी दिए ।

सरकारले स्वीकृत गरेको मापदण्डअनुसार देशभर निर्वाचन सुरक्षाका लागि कुल एक लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी भर्ना गर्ने जनाइएको छ । रासस

# व्यावसायिक कफीखेती प्रविधि तालिम

**धुलिखेल ।**
काभ्रेपलाञ्चोकको डाँडापारिस्थित महाभारत गाउँपालिकाका कफीखेती गर्दै आएका किसानहरूलाई ‘व्यावसायिक कफीखेती प्रविधि तालिम’ प्रदान गरिएको छ । व्यावसायिक रूपमा ४०० देखि ५०० बढी विरुवा रोपेका किसानहरूका लागि पालिकाले सो तालिम प्रदान गरेको हो ।

गाउँपालिका भित्रमा खेतीलाई व्यावसायिक रूपमा अगाडि बढाउँदै आएका किसानहरूलाई दक्ष बनाउने उद्देश्यले प्रविधिसम्बन्धी तालिमको आयोजना गरेको महाभारत गाउँपालिका कृषि प्राविधिक खिमबहादुर डाँगीले बताए ।

पालिकाका सबै वडाहरूबाट ४५ जना किसानलाई छनोट गरेर तालिम दिएको हो । सो क्रममा कफीको बिरुवा रोप्ने तरिकादेखि बिरुवा रेखदेख, फल टिप्ने विधि, सुकाउने र बजारीकरणलगायतका विषयमा प्रशिक्षण दिएको पालिकाले जनाएको छ ।

वडा नं ५ का वडाध्यक्ष विजय राना मगरले कफीखेतीलाई व्यावसायिक रूपमा अगाडि बढाएपछि किसानहरूको आर्थिक उपार्जनसँगै दैनिकीमा समेत परिवर्तन हुँदै गएको बताए ।

वडाध्यक्ष मगरले धान, मकै र कोदोखेतीबाट माथि उठेर अझै कफीलाई व्यावसायिक रूपमा खेती गरेको खण्डमा जीवनस्तर उठ्न सकिने भएकाले अहिले प्रदान गरेको प्रविधिसम्बन्धी तालिमले थप टेवा पुग्ने विश्वास व्यक्त गरे ।

पालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद खनालले भौतिक पूर्वाधारको विकाससँगै आधारभूत वर्गको जीवनस्तर उकास्ने ध्येय राखेर कफीखेती प्रविधि तालिम प्रदान गरेको बताए । गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले कृषिबाट यहाँका नागरिकको जीवनस्तर उकास्नका लागि माटो परीक्षण गर्ने अभियान चलाउँदा सबैले के हुन्छ भनेर प्रश्न गरेको स्मरण गरे ।

उनले अहिले आएर कफीखेतीलाई व्यवसायीकरण गर्न थालेपछि त्यसको उत्तर कामबाट दिन सफल भएको जानकारी दिए । ‘यही कमाउने, यही रमाउने’ अभियानका साथ विगत पाँच वर्षबाट निरन्तर रूपमा काम गर्दै आएपछि अहिले सबैजसो किसान कफीतर्फ आकर्षित हुन थालेको उनले बताए । त्यसको लागि सक्दो मेहनत गर्न आग्रह गर्दै आवश्यक सहयोगको लागि गाउँपालिका तयार रहेको र आगामी दिनमा महाभारतलाई कफीमार्फत पर्यटकलाई आकर्षित गर्दै कफीको हबको रूपमा विकास गर्ने योजना रहेको अध्यक्ष जिम्बाले बताए ।

तालिममा केन्द्रीय कफी सहकारी सङ्घका अध्यक्ष तुलसीराज धितालले सहजीकरण गरेका थिए । दुई दिनसम्म सञ्चालन भएको तालिम शुक्रबार समापन भएको हो । पालिकाले अहिलेसम्ममा तीन लाख ३१ हजार विरुवा वितरण गरिसकेको छ । चार हजार ५०० रोपनी क्षेत्रफलमा कफीखेती हुँदै आएको महाभारत गाउँपालिकामा एक हजार ९२० परिवारले कफीखेती गर्दै आएका छन् । रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१

# आस्था बचत तथा ऋण सहकारीको १६औँ वार्षिक साधारण सभा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

आस्था बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औँ वार्षिक साधारण सभा जनकपुरधाममा सम्पन्न भएको छ। जनकपुरधाम उद्योग वाणिज्य संघको सभाहलमा शनिबार सम्पन्न साधारण सभामा संस्थाको वार्षिक प्रगति, आर्थिक अवस्था तथा भावी योजनाका विषयमा विस्तृत छलफल गरिएको थियो। साधारण सभा संस्थाका अध्यक्ष विनोद कुमार साहको अध्यक्षतामा सम्पन्न भएको थियो भने प्रमुख अतिथिका रूपमा संस्थापक तथा निवर्तमान अध्यक्ष गोपाल प्रसाद गुरुङ रहनुभएको थियो। कार्यक्रममा प्रमुख अतिथि गुरुङले सहकारीको महत्वमाथि प्रकाश पार्दै आजका लागि मात्र नभई भोलिका लागि पनि बचत गर्नुपर्नेमा जोड दिनुभयो। "आजको सानो–सानो बचत नै भोलिको ठूलो सहारा हो," भन्दै उहाँले बचत गर्ने संस्कार विकास गर्न आग्रह गर्नुभयो। सहकारीमार्फत सामूहिक भावना, सहकार्य र आपसी विश्वासको विकास हुने उल्लेख गर्दै




सदस्यहरूले आफ्नो आर्थिक स्रोतको उचित व्यवस्थापन गर्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो। साथै, सहकारी संस्थाबाट सुलभ र सहज रूपमा ऋण उपलब्ध हुने भएकाले आर्थिक सशक्तीकरणमा यसको भूमिका महत्वपूर्ण रहेको उहाँको भनाइ थियो।

कार्यक्रममा अध्यक्ष साहले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सदस्यहरूलाई प्रभावकारी, गुणस्तरीय र सर्वसुलभ वित्तीय तथा गैर–वित्तीय सेवा प्रदान गर्न अत्याधुनिक प्रविधिमा आधारित कोर बैंकिङ सिस्टम, एसएमएस बैंकिङ र मोबाइल एप सञ्चालनमा रहेको जानकारी दिनुभयो। यी प्रविधिको प्रयोगबाट सदस्यहरूले घरमै बसेर विद्युत् तथा खानेपानी महसुल भुक्तानी, मोबाइल रिचार्ज, हवाई टिकट, बैंक फन्ड ट्रान्सफर, खल्ती तथा ई–सेवा वालेट टपअप, क्यूआर स्क्यान लगायत खातासम्बन्धी विवरणको जानकारी लिन र रकमान्तर गर्न सक्ने व्यवस्था रहेको उहाँले बताउनुभयो। साथै, दक्ष मानव संसाधन विकास र कर्मचारीहरूको व्यावसायिक क्षमता अभिवृद्धिमार्फत अझ सर्वसुलभ सेवा प्रदान गर्न संस्था प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।

साधारण सभामा प्रस्तुत आय–व्यय विवरणअनुसार २०८०/०८१ आर्थिक वर्षमा संस्थाले २ करोड ९५ लाख ३ सय ४३ रुपैयाँ नाफा आर्जन गरेको थियो भने २०८१/०८२ आर्थिक वर्षमा नाफा घटेर २ करोड ४२ लाख ११ हजार ७४१ रुपैयाँमा सीमित भएको छ। हाल संस्थाको प्रधान कार्यालय जनकपुरधाम र क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ५, महेन्द्रनगरमा सेवा केन्द्रमार्फत सदस्यहरूलाई सेवा प्रदान गर्दै आएको छ।

साधारण सभामा विशिष्ट अतिथिका रूपमा सुनिल मल्लिक, मोहम्मद मोतीकर रहमान, अमरचन्द्र अनिल तथा वैष्णवी बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी अधिकृत जयनाथ मण्डल सहभागी हुनुहुन्थ्यो। साथै, शेयरधनी सदस्य, कर्मचारी तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

साधारण सभाले संस्थाको आर्थिक प्रगति, सेवा विस्तार र प्रविधिमैत्री व्यवस्थापनप्रति सन्तोष व्यक्त गर्दै आगामी दिनमा सदस्य–केन्द्रित सेवालाई अझ प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेको छ।

# रास्वपामा बढ्दो आकर्षण प्रवेशको लहर

**मधेशदृष्टि**
**वीरगंज ।**

शनिबार रोयल पार्टी प्यालेसमा भएको कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी सैयौँ व्यक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा प्रवेश गरेका छन् । पर्सा क्षेत्र नं. ४ अन्तर्गतका विभिन्न गाउँका नेकपा एमाले, नेपाली कांग्रेस, जसपा नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी तथा सुशासन पार्टी परित्याग गरी सैयौँ रास्वपामा प्रवेश गरेका हुन् ।



कार्यक्रममा जसपा नेपालबाट निर्वाचित कालिकामाई गाउँपालिका वडा नं. १ का वडाध्यक्ष लालबाबु चौरसिया, पूर्व गाविस अध्यक्ष नेजामुदिन मियाँ, पूर्व वडाध्यक्ष महादेव चौरसिया, नेपाली कांग्रेसका प्रसाद शिवशंकर चौरसिया, नरेन्द्र राय तिवारी, राजेन्द्र प्रसाद चौरसिया, राजु प्रसाद पटेल, राष्ट्रिय प्रजातन्त्र पार्टीका ललन ठाकुर, सुशासन पार्टीका लक्ष्मण महतोलगायतका नेता निःशर्त रास्वपामा प्रवेश गरेका हुन् ।

त्यसैगरी, कालिकामाई गाउँपालिका वडा नं. २ का नेकपा एमालेका नेता मनमोहन प्रसाद चौरिया, राजेश साह, अकलेश कुशवाहा, बृजमान सहनी, रामकलश सहनी, महेश प्रसाद चौरसिया, श्याम राउत गद्दी, अनिल कुमार चौरियासहित जेन्जीका राजनिश चौरसिया, कृष्णा कुशवाहा, बिरेन्द्र प्रसाद साह, विजय कुमार चौरसिया, अविनाश चौरसिया, चन्देश्वर महतो कोइरी लगायतका युवा पनि रास्वपामा प्रवेश गरेका छन् ।

यसैगरी, कालिकामाई गाउँपालिका वडा नं. ५ बाट नेपाली कांग्रेसका हिरो राउत कुर्मी, छविलाल प्रसाद राउत, राजु प्रसाद पटेल तथा जसपा नेपालका रमेश प्रसाद पटेल, छबिलाल राउत, शम्भु प्रसाद चौहानलगायतको पनि रास्वपामा प्रवेश भएको छ ।

नवप्रवेशीलाई रास्वपाका केन्द्रीय सदस्य नन्दन यादव, जिल्ला सभापति हरि पन्त, क्षेत्रीय सभापति जितेन्द्र मिश्र, जिल्ला उपसभापति तुल्सा पौडेल, नेता टेकबहादुर शाक्यलगायतले अबिर र टीका लगाएर पार्टीमा स्वागत गरेका थिए ।

कार्यक्रममा सभापति हरि पन्तले प्रवेश कार्यक्रमले पर्सा क्षेत्र नं. ४ मा रास्वपा थप बलियो बनेको बताए । उनले आगामी फागुनमा हुने निर्वाचनमा रास्वपाका सबै उम्मेदवारलाई विजयी गराउन कार्यकर्तालाई सक्रिय हुन आग्रह गरे ।

क्षेत्रीय सभापति जितेन्द्र मिश्रले पर्सा क्षेत्र नं. ४ बाट प्रतिनिधि सभा सदस्यका लागि रास्वपाका उम्मेदवार टेकबहादुर शाक्य रहेको जानकारी दिँदै आगामी निर्वाचनमा भारी बहुमतका साथ जिताउन सबैलाई आह्वान गरे । रास्वपा क्षेत्र नं ४ का सभापति जीतेन्द्र मिश्रको सभापतित्वमा भएको कार्यक्रमको सहजीकरण कृष्ण पासवानले गरेका थिए ।

# मनाइयो रामानन्दाचार्य जन्मजयन्ती महोत्सव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

वैष्णव सम्प्रदायका महान् सन्त तथा जगद्गुरु श्री रामानन्दाचार्यको जन्मजयन्ती जनकपुरधाममा धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरी भव्य रूपमा मनाइएको छ ।

श्रीरामानन्दीय वैष्णव संघ जनकपुरधामको आयोजनामा तुलसी स्मारकमा विभिन्न कार्यक्रम सञ्चालन गरी जगदगुरु श्री रामानन्दाचार्यको जन्मजयन्ती महोत्सव मनाइएको हो । संघका अध्यक्ष रामरोशन दास वैष्णवका अनुसार जन्मजयन्तीको अवसरमा शनिबार बिहान साढे ११ बजेदेखि दिउँसो २ बजेसम्म मंगलगान तथा धर्मसभा आयोजना गरिएको थियो ।



धर्मसभामा देशका विभिन्न स्थानबाट आएका साधुसन्त, धर्मगुरु तथा विद्वान् व्यक्तित्वहरूले जगद्गुरु रामानन्दाचार्यको जीवनदर्शन, भक्ति मार्ग र वैष्णव परम्परामा उनले पु¥याएको योगदानबारे प्रवचन दिएका थिए ।

जनकपुरधामका प्रमुख मार्ग हुँदै शोभा यात्रा समेत निकालिएको थियो । शोभा यात्रामा साधुसन्त, भक्तजन तथा विभिन्न धार्मिक संघसंस्थाका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता थियो ।

भक्तजनहरूका लागि प्रसाद वितरणको व्यवस्था गरिएको थियो । यसै अवसरमा रामानन्दाचार्यको जन्मजयन्तीलाई केन्द्रमा राख्दै २८ गतेसम्म जनकपुरधामस्थित तुलसी स्मारकमा श्रीमद् भक्तमालाकथा आयोजना गरिएको छ ।

प्रत्येक दिन दिउँसो ४ बजेदेखि ७ बजेसम्म सञ्चालन हुने कथावाचन कार्यक्रममा भक्तमालामा उल्लेख गरिएका सन्त–महात्माहरूको जीवन, भक्ति परम्परा र वैष्णव दर्शनमाथि चर्चा गरिनेछ ।

आयोजकका अनुसार कार्यक्रममार्फत जगद्गुरु रामानन्दाचार्यले प्रतिपादन गरेको समन्वय, भक्ति, सामाजिक समानता र मानव एकताको सन्देश जनस्तरसम्म पुऱ्याउने उद्देश्य राखिएको छ ।

वैष्णव सम्प्रदायका प्रवर्तक मानिने रामानन्दाचार्यको जन्मजयन्ती जनकपुरधाममा हरेक वर्ष श्रद्धा र भक्तिपूर्वक मनाइँदै आएको छ । यस वर्ष पनि धार्मिक आस्था, सांस्कृतिक पहिचान र आध्यात्मिक चेतनालाई थप सुदृढ बनाउने लक्ष्यसहित कार्यक्रम भव्यरूपमा आयोजना गरिएको आयोजकले जनाएको छ ।

# राष्ट्रिय एकता दिवस २०८२: उपराष्ट्रपतिद्वारा शान्ति, समृद्धि र एकताको आह्वान

**मधेशदृष्टि**
**वीरगंज ।**

राष्ट्रिय एकता दिवस २०८२ को अवसरमा उपराष्ट्रपति रामसहाय प्रसाद यादवले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा शान्ति, समृद्धि, सुस्वास्थ्य र प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गरेका छन् ।



पुस २७ गते मनाइने राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीको सन्दर्भमा जारी शुभकामना सन्देशमा उपराष्ट्रपति यादवले यस दिवसले नेपालको साझा इतिहास, संस्कृति र गौरवको स्मरण गराउँदै विविधताबीचको एकतालाई अझ सुदृढ बनाउने प्रेरणा दिने उल्लेख गरेका हुन् । उनले मुलुकलाई एक सूत्रमा बाँध्ने महान् प्रयास गर्ने पुर्खाहरूको योगदानलाई सम्मान गर्ने अवसरका रूपमा यस दिवसको महत्व औँल्याए ।

शुभकामना सन्देशमा नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतालाई आत्मसात गर्दै सामाजिक सद्भाव, सहिष्णुता र समरसता प्रवद्र्धन गर्न राष्ट्रिय एकता दिवसलाई उत्प्रेरकका रूपमा उपयोग गर्नुपर्नेमा जोड दिइएको छ । राष्ट्रिय एकता दिवसले आपसी विश्वास, सहयोग र साझा जिम्मेवारीको भावनासहित अघि बढ्न सबै नेपालीलाई आह्वान गर्ने उपराष्ट्रपति यादवको भनाइ छ ।

उनले व्यक्तिगत हितभन्दा माथि उठेर राष्ट्रहितलाई प्राथमिकता दिनु नै सशक्त र समावेशी मुलुक निर्माणको आधार भएको स्मरण गराउँदै युवापुस्तामा मातृभूमिप्रतिको समर्पण, सेवा र जिम्मेवारीको भावना जागृत गराउन यस दिवसको विशेष महत्व रहेको उल्लेख गरे । सन्देशमा विभेद, वैमनस्यता र असहिष्णुतालाई त्यागी समान अवसर, सामाजिक न्याय र सांस्कृतिक सम्मानलाई जीवनको मूल मन्त्र बनाउन सबैले संकल्प गर्नुपर्नेमा जोड दिइएको छ । यस्ता संकल्पले मुलुकलाई आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक उन्नतितर्फ अग्रसर गराउने विश्वास पनि व्यक्त गरिएको छ ।

उपराष्ट्रपति यादवले जातीय, वर्गीय, धार्मिक र क्षेत्रीय द्वन्द्वलाई निस्तेज गर्दै भाइचारा, मेलमिलाप र अपनत्वभाव विकास गर्न राष्ट्रिय एकता दिवसले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका हुन् ।

साथै, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न यो दिवसले मार्ग प्रशस्त गरोस् भन्ने कामना गरे । राष्ट्रिय एकता दिवस २०८२ ले विविधतामा एकतालाई नेपालको राष्ट्रिय पहिचानको आधार बनाउँदै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तमा आधारित समतामूलक समाज निर्माण गर्ने संकल्पलाई थप सुदृढ बनाओस् भन्ने शुभेच्छा व्यक्त गरेका हुन् ।

# आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहकारीको भूमिका महत्वपूर्णः गौतम



**मधेशदृष्टि**
**वीरगंज ।**

श्री गणेश बचत तथा ऋण सहकारी संस्थाको १७ औं बार्षिक साधारण सभा सम्पन्न भएको छ । साधारण सभाको उद्घाटन गर्दै प्रमुख अतिथि वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले सहकारीहरु आर्थिक अनुशासन कायम गर्न, बचत संस्कार विकास गर्न तथा स्थानीय स्तरमा उद्यमशीलता प्रवद्र्धन गर्न महत्वपूर्ण आधार बनेको बताए । उनले सहकारी संस्थाले सदस्यहरूको सानो–सानो बचतलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी रोजगारी सिर्जना र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान पु¥याइरहेको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा. सुबोद गुप्ताले सहकारी तथा व्यावसायिक संस्थाहरूले देशको आर्थिक विकासमा खेलेको भूमिकाको प्रशंसा गर्दै सहकारी र निजी क्षेत्र आर्थिक समृद्धिका दुई महत्वपूर्ण खम्बा भएको उल्लेख गर्दै पारदर्शिता, सुशासन र सदस्यको सक्रिय सहभागिता बिना कुनै पनि संस्था दीगो बन्न नसक्ने बताए । उनले वर्तमान आर्थिक चुनौतीका बीच पनि बचत र लगानीको संस्कार विकास गर्न सहकारीहरूको भूमिका अझ प्रभावकारी बन्नुपर्नेमा जोड दिए । केन्द्रीय सदस्य गुप्ताले स्थानीय स्तरमा रोजगारी सिर्जना, उद्यमशीलताको प्रवद्र्धन र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा यस्ता संस्थाहरूले अग्रणी भूमिका निर्वाह गर्नुपर्ने धारणा राखे ।

संस्थाका अध्यक्ष प्रदिप केडियाले प्रतिवेदन प्रस्तुत गर्दै साधारण सभामा आर्थिक बर्ष २०८१÷०८२ मा संस्थाले २७ करोड ११ लाख ६० हजार ५ सय ६६ रुपैया निक्षेप संकलन गरेको जानकारी दिए । त्यस्तै ५१ लाख ४२ हजार ६ सय ४२ रुपैया आमदानी भएको बताए । निर्विरोध चयन भएका अध्यक्ष गोपाल केडियाले आफ्नो कार्यकालमा पारदर्शिता, सुशासन र उत्तरदायित्वलाई उच्च प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरे । सहकारीका सबै आर्थिक कारोबारलाई स्पष्ट, जवाफदेही र सदस्यमैत्री बनाउँदै सदस्यहरूको विश्वासलाई संस्थाको मुख्य पूँजीका रूपमा आत्मसात् गरेर अघि बढ्ने बताए । उनले सदस्यहरूको आवश्यकता र क्षमताअनुसार बचत तथा कर्जा योजनालाई थप प्रभावकारी बनाइने उल्लेख गर्दै कृषि, साना व्यवसाय, महिला उद्यमशीलता र युवा स्वरोजगारलाई प्राथमिकता दिँदै सहकारीलाई उत्पादनमुखी र आत्मनिर्भर बनाउने लक्ष्य रहेको भन्दै आधुनिक प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सरल, छरितो र समयानुकूल बनाइने बताए । साथै केडियाको नेतृत्वमा नयाँ कार्यसमिती चयन गरिएको छ । उपाध्यक्षमा निरज अग्रवाल, महासचिवमा छठु लाल खेतान, कोषाध्यक्षमा प्रेमचन्द गोयल लगायत रहेका छन् । कार्यक्रममा बीरगंज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष अनिल अग्रवाल, पूर्व अध्यक्ष गणेश लाठ, जिल्ला बचत तथा ऋण सहकारी संस्थाकका अध्यक्ष हरेराम पटेल, संस्थाका कानुनी सल्लाहकार बिनय सिंह लगायतले आ–आफ्ना मन्तव्य व्यक्त गरेका थिए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन